# सूचनाको हक सम्बन्धी ऐन,२०६४ को दफा ५ तथा सूचनाको हक सम्बन्धी नियमावली,२०६५ को नियम ३ बमोजिम सार्वजनिक गरिएको बिवरण

## २०८२ आषाढ मसान्त सम्म सम्पादित प्रमुख क्रियाकलापको विवरण

बागमती प्रदेश सरकार

## भौतिक पूर्वाधार विकास मन्त्रालय

हेटौंडा, नेपाल

# स्वतः प्रकाशन (Proactive Disclours)

## विषय-सूची


१. मन्त्रालयको परिचय :-....... 3
२. मन्त्रालयको काम, कर्तव्य र अधिकार :-....... 3
३. मन्त्रालयमा रहने कर्मचारी संख्या र कार्य विवरणः-....... 4
३.१ कर्मचारी संख्या र दरवन्दी विवरण :....... 4
३.२ संगठन संरचना :....... 6
३.३ मन्त्रालयको कार्य जिम्मेवारी :-....... 7
३.३.१ प्रशासन महाशाखा :-....... 7
३.३.१.१ प्रशासन शाखा :-....... 8
३.३.१.२ कानून शाखा :-....... 10
३.३.१.३ आर्थिक प्रशासन शाखा :-....... 10
३.३.२ सडक, पुल तथा अन्य पूर्वाधार महाशाखा :-....... 10
३.३.२.१ सडक तथा पुल शाखा :-....... 11
३.३.२.२ अन्य पूर्वाधार शाखा :-....... 11
३.३.३ आवास, भवन तथा शहरी विकास महाशाखा :-....... 12
३.३.३.१ आवास तथा भवन शाखा :-....... 13
३.३.३.२ शहरी विकास शाखा :-....... 14
३.३.४ योजना, अनुगमन तथा वातावरण महाशाखा :-....... 15
३.३.४.१ योजना, अनुगमन तथा मूल्याङ्कन शाखा :-....... 16
३.३.४.२ वातावरण शाखा :-....... 17
४. मन्त्रालयबाट प्रदान गरिने सेवा :-....... 18
५. मन्त्रालयका शाखा र जिम्मेवार अधिकारी :-....... 19
६. सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधीः-....... 20
७. निवेदन, उजुरी उपर निर्णय गर्ने प्रक्रिया र अधिकारी :-....... 20
८. मन्त्रालयमा निर्णय उपर उजुरी सुन्ने अधिकारीः-....... 21
९. मन्त्रालयले सम्पादन गरेको कामको विवरण :-....... 21
१०. मन्त्रालयका सूचना अधिकारी र प्रमुखको नाम र पद :-....... 25
११. मन्त्रालयसँग सम्बन्धीत प्रादेशिक ऐन, नियम, विनियम वा निर्देशिकाको सूची :-....... 25
१२. आम्दानी, खर्च तथा आर्थिक कारोवार सम्बन्धी अध्यावधिक विवरणः-....... 27
अघिल्लो आर्थिक वर्षमा मन्त्रालयले सञ्चालन गरेको कार्यक्रम वा आयोजनाको विवरण :-....... 27
१४. मन्त्रालयको वेवसाइटको विवरणः-....... 30
१५. मन्त्रालयले प्राप्त गरेको वैदेशिक सहायता, ऋण, अनुदान एवं प्राविधिक सहयोग र सम्झौता सम्बन्धी विवरण :-....... 30
१६. मन्त्रालयले वर्गिकरण तथा संरक्षण गरेको सूचनाको नामावली र त्यस्तो सूचना संरक्षण गर्न तोकिएको समयावधी :-..... 30
१७. मन्त्रालयमा परेका सूचना माग सम्बन्धी निवेदन र सो उपर सूचना दिइएको विवरण :-....... 30
१८. मन्त्रालयका सूचनाहरु अन्य प्रकाशन भएका वा हुने भएको भए सोको विवरण :-....... 31

## १. मन्त्रालयको परिचय :-

वि.सं. २०७२ असोज ३ मा नेपालको संविधान लागू भए पश्चात देशमा सङ्घ, प्रदेश र स्थानीय तह गरी तीन तहको सरकार रहेको छ। स्वीकृत कार्य विभाजन नियमाबली अनुसार विभिन्न क्षेत्रहरुमा तीनवटै तहका सरकारहरुले गर्ने कार्य छुट्याइएको छ। सोही नियमावली बमोजिम यस बागमती प्रदेश अन्तर्गतका तेह जिल्लाहरुमा विभिन्न यातायात, भवन, आवास तथा शहरी विकास सम्वनधी भौतिक पूर्वाधार संरचनाहरुको योजना तर्जुमा, स्वीकृति सहित आवश्यक विभिन्न नीतिगत व्यवस्था तथा अध्ययन अनुसन्धानका कार्यहरु गर्न यस मन्त्रालयको स्थापना भएको छ। यसका अतिरिक्त योजना निर्माण, सञ्चालन तथा मर्मत सम्भार लगायतका कार्यहरु यस मन्त्रालय मातहतका कार्यालयहरुबाट हुने परिकल्पना गरिएको छ। यस मन्त्रालयको कार्य क्षेत्र मुख्यतया प्रादेशिक सडक, पुल, सरकारी मन्त्रालयहरुको भवन निर्माण लगायत अन्य पूर्वाधारहरु निर्माण गर्ने रहेको छ।

## २. मन्त्रालयको काम, कर्तव्य र अधिकार :-

नेपालको संविधान बमोजिम देशमा संघ, प्रदेश र स्थानिय गरि तीन तहको सरकार रहेको छ। संविधान प्रदत्त अधिकार तथा स्वीकृत कार्य विभाजन नियमावली अनुसार तिनवटै सरकारहरुबाट गरिने कार्य विभाजन गरिएको छ। प्रदेश सरकार कार्य सञ्चालन विभाजन नियमावलीमा तोकिएको कार्य जिम्मेवारीहरु बमोजिम बागमती प्रदेशका तेह्र वटै जिल्लाहरुमा प्रदेश लोकमार्ग र प्रदेश सरकारी कार्यालयहरुको भौतिक व्यवस्थापन र अन्य आवश्यक विषयका क्षेत्रमा विभिन्न कार्यहरु सम्पादन गर्दै आईरहेको छ। यस मन्त्रालयलाई बागमती प्रदेश सरकार (कार्य विभाजन नियमावली), २०८० अनुसार कार्य जिम्मेवारी निम्नानुसार रहेको छ।

<u>निम्न</u>

(क) प्रदेशस्तरको भौतिक पूर्वाधार, सहरी तथा ग्रामीण पूर्वाधार विकास सम्वन्धी नीति, कानून, मापदण्ड र योजनाको तर्जुमा तथा कार्यान्वयन, अध्ययन, अनुसन्धान र नियमन।

(ख) वातावरणमैत्री, अपाङ्गतामैत्री र लैङ्गिकमैत्री भौतिक पूर्वाधार प्रणालीको निर्माण, प्रवर्द्धन र विकास

(ग) रज्जुमार्ग, जलमार्ग लगायतका वैकल्पिक यातायात प्रविधिको प्रवर्द्धन, सम्भाव्यता अध्ययन, आयोजना कार्यान्वयन, सञ्चालन र व्यवस्थापन

(घ) प्रदेश लोकमार्ग, सडक, पुल, झोलुङ्गेपुल सम्वन्धी नीति, कानून, मापदण्ड तथा योजना तर्जुमा र निर्माण, स्तरोन्नति, मर्मत सम्भार, तथ्याङ्क व्यवस्थापन, सडक प्रविधि सम्वन्धी अध्ययन अनुसन्धान, यातायात सुरक्षा, कार्यान्वयन र नियमन तथा सडक अधिकार क्षेत्र (राइट अफ वे) को संरक्षण

(ङ) प्रदेशस्तरका सरकारी कार्यालयहरूको भौतिक व्यवस्थापन र निर्माण सम्बन्धी नीति, कानून, मापदण्ड र योजना तर्जुमा, कार्यान्वयन र नियमन

(च) प्रदेश मुख्यमन्त्री, सभामुख, मन्त्री, उपसभामुख, प्रमुख सचिव तथा सचिवहरूको आवास पूर्वाधार व्यवस्थापन

(छ) प्रदेशभित्रको सहरी विकास योजना तर्जुमा, सहरी पूर्वाधार निर्माण, सञ्चालन, मर्मत सँभार र आवास तथा भवन सम्वन्धी नीति एवम् योजनाको निर्माण कार्यान्वयन र मार्ग निर्देशन

(ज) प्रदेशभित्र उपयुक्त भवन निर्माण प्रविधिको प्रवर्द्धन

(झ) प्रदेशको राजधानी र प्रादेशिक सहरको विकास, योजना तर्जुमा, कार्यान्वयन, संयोजन र पूर्वाधार निर्माण

(ञ) सुरक्षित बसोबास सम्बन्धी नीति तर्जुमा र कार्यान्वयन

(ट) प्रदेशभित्रको सडक सुरक्षा

३. मन्त्रालयमा रहने कर्मचारी संख्या र कार्य विवरणः-


गण्डकी प्रदेश सरकार भौतिक पूर्वाधार विकास मन्त्रालय पोखरा, नेपाल

## ३.१ कर्मचारी संख्या र दरवन्दी विवरण :

| सि. नं. | पदको नाम | श्रेणी/तह | सेवा/समुह | दरबन्दी संख्या | पदपुर्ति संख्या | | रिक्त | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | स्थायी | करार | | |
| १ | प्रदेश सचिव | रा.प. प्रथम/ एघारौं | नेपाल इन्जिनियरिङ्ग/ सिभिल/जनरल | १ | १ | ० | ० | |
| २ | सिनियर डिभिजन इन्जिनियर | नवौं/दशौं | इन्जि/सिभिल/जनरल | २ | १ | ० | १ | |
| ३ | सिनियर डिभिजन इन्जिनियर | नवौं/दशौं | इन्जि/सिभिल/वि.एण्ड आर्क | १ | १ | ० | ० | |
| ४ | अधिकृत | नवौं/दशौं | प्रशासन/सा.प्र. | १ | १ | ० | ० | |
| ५ | अधिकृत | नवौं/दशौं | प्रशासन/लेखा | १ | १ | ० | ० | |
| ६ | इन्जिनियर | सातौं/आठौं | इन्जि/सिभिल/जनरल | ५ | ५ | ० | ० | |
| ७ | इन्जिनियर | सातौं/आठौं | इन्जि/सिभिल/वि.एण्ड आर्क | ५ | ४ | ० | १ | |
| ८ | अधिकृत | सातौं/आठौं | प्रशासन/सा.प्र. | २ | २ | ० | ० | |
| ९ | लेखा अधिकृत | सातौं/आठौं | प्रशासन/लेखा | १ | १ | ० | ० | |
| १० | कानून अधिकृत | रा.प. तृतिय/ सातौं/आठौं | न्याय/कानून | १ | १ | ० | ० | |
| ११ | सहायक/अधिकृत | पाँचौ/छैटौं | प्रशासन/सा.प्र. | ५ | १ | ० | ४ | |
| १२ | सहायक/अधिकृत | पाँचौ/छैटौं | प्रशासन/लेखा | १ | १ | ० | ० | काज |
| १३ | कम्प्युटर अपरेटर/अधिकृत | पाँचौ/छैटौं | प्रशासन/विविध | १ | ० | १ | ० | करार |
| १४ | हलुका सवारी चालक | तहविहिन | इन्जिनियरिङ्ग/मेकानिकल/ज.मे. | ४ | ० | ४ | ० | करार |
| १५ | कार्यालय सहयोगी | श्रेणीविहिन | प्रशासन/सा.प्र. | ५ | ० | ५ | ० | करार |
| | | | जम्मा | ३६ | २० | १० | ६ | |

## ३.२ संगठन संरचना :

### भौतिक पूर्वाधार विकास मन्त्रालय, बागमती प्रदेश, हेटौंडा, नेपालको संगठन संरचना



## ३.३ मन्त्रालयको कार्य जिम्मेवारी :-

बागमती प्रदेश सरकार (कार्यविभाजन) नियमावली, २०८० बमोजिम यस भौतिक पूर्वाधार विकास मन्त्रालयको कार्य जिम्मेवारी देहाय अनुसार रहेको छ।

(क) प्रदेशस्तरको भौतिक पूर्वाधार, सहरी तथा ग्रामीण पूर्वाधार विकास सम्बन्धी नीति, कानून, मापदण्ड र योजनाको तर्जुमा तथा कार्यान्वयन, अध्ययन, अनुसन्धान र नियमन ।

(ख) वातावरणमैत्री, अपाङ्गतामैत्री र लैङ्गिकमैत्री भौतिक पूर्वाधार प्रणालीको निर्माण, प्रवर्द्धन र विकास ।

(ग) रज्जुमार्ग, जलमार्ग लगायतका वैकल्पिक यातायात प्रविधिको प्रवर्द्धन, सम्भाव्यता अध्ययन, आयोजना कार्यान्वयन, सञ्चालन र व्यवस्थापन ।

(घ) प्रदेश लोकमार्ग, सडक, पुल, झोलुङ्गेपुल सम्बन्धी नीति, कानून, मापदण्ड तथा योजना तर्जुमा र निर्माण, स्तरोन्नति, मर्मत सम्भार, तथ्याङ्क व्यवस्थापन, सडक प्रविधि सम्बन्धी अध्ययन अनुसन्धान, यातायात सुरक्षा, कार्यान्वयन र नियमन तथा सडक अधिकारक्षेत्र (राइट अफ वे) को संरक्षण ।

(ङ) प्रदेशस्तरका सरकारी कार्यालयहरूको भौतिक व्यवस्थापन र निर्माण सम्बन्धी नीति, कानून, मापदण्ड र योजना तर्जुमा, कार्यान्वयन र नियमन ।

(च) प्रदेश मुख्यमन्त्री, सभामुख, मन्त्री, उपसभामुख, प्रमुख सचिव तथा सचिवहरूको आवास पूर्वाधार व्यवस्थापन।

(छ) प्रदेशभित्रको सहरी विकास योजना तर्जुमा, सहरी पूर्वाधार निर्माण, सञ्चालन, मर्मत सम्भार र आवास तथा भवन सम्बन्धी नीति एवम् योजनाको निर्माण कार्यान्वयन र मार्ग निर्देशन ।

(ज) प्रदेशभित्र उपयुक्त भवन निर्माण प्रविधिको प्रवर्द्धन ।

(झ) प्रदेशको राजधानी र प्रादेशिक सहरको विकास, योजना तर्जुमा, कार्यान्वयन, संयोजन र पूर्वाधार निर्माण ।

(ञ) सुरक्षित बसोबास सम्बन्धी नीति तर्जुमा र कार्यान्वयन ।

(ट) प्रदेशभित्रको सडक सुरक्षा ।

### ३.३.१ प्रशासन महाशाखा :-

(क) मन्त्रालय अन्तर्गत सम्पूर्ण कर्मचारीहरूको सम्पति विवरण तथा व्यक्तिगत अभिलेख अद्यावधिक गरी राख्न लगाउने,

(ख) मन्त्रालयको भौतिक साधनहरूको अद्यावधिक विवरण राख्न लगाई सोको स्याहार सम्भार गर्मत र संरक्षण गर्ने/गराउने,

(ग) कर्मचारीहरूको सुपरीवेक्षण, आवश्यकता अनुसार निर्देशन, नियन्त्रण, कार्य सम्पादन मूल्याङ्कन र पुरस्कार, सरुवा, बढुवा लगायतका विषयमा आवश्यक कारवाही गरी सिफारिस सहित सचिव समक्ष पेस गर्ने,

(घ) मन्त्रालय तथा अन्तर्गत सबै निकायहरुमा काम सुचारु रुपले संचालन गर्न संगठनात्मक स्वरुप तथा कार्य प्रक्रिया सम्बन्धी अध्ययन विश्लेषण गरी नीतिगत रुपमा राय पेस गरी स्वीकृत भई आए बमोजिमको व्यवस्था गर्ने,

(ङ) मन्त्रालय तथा अन्तर्गत कार्यालयहरुमा आवश्यक जनशक्तिको व्यवस्थाको क्रममा दरवन्दी सृजना, रिक्त पदपूर्ति सम्बन्धमा पेस गर्ने,

(च) अधिनस्थ कर्मचारीहरूको बिदा स्वीकृतीको लागि सिफारिश गर्ने वा प्रत्यायोजित अधिकार बमोजिम स्वीकृत गर्ने,

(छ) मन्त्रालयको प्रचलित ऐन नियम नीति अध्ययन गरी संशोधन परिमार्जन गर्नुपर्ने भएमा रायसाथ पेस गर्ने,

(ज) मन्त्रालय र अन्तर्गत निकायहरुका कर्मचारी प्रशासन सम्बन्धी पेस भएका फाइलहरुमा आवश्यक कारवाही गरी रायसाथ सचिव समक्ष पेस गर्ने र निर्णयानुसार कार्यहरु सम्पादन गर्ने गराउने,

(झ) स्वदेशी तथा विदेशी तालिम/भ्रमण/अध्ययन सम्बन्धी विषयहरुमा प्रचलित ऐन नियम परिपत्र बमोजिम गर्ने र कायम भएको नीति बमोजिम गर्ने गराउने,

(ञ) जिन्सी निरीक्षण गराउने र प्राप्त प्रतिवेदन अनुरुप आवश्यक कारवाही गराउने,

(ट) आफ्नो महाशाखा अन्तर्गतका विषयमा मन्त्रिपरिषदमा पेस हुने प्रस्ताव तयार गरी पेस गर्ने,

(ठ) भौतिक सामाग्री, भवन, सवारी साधन आदीको संरक्षण, संभार गर्गत आदी विषयमा रेखदेख नियन्त्रण समन्वय गर्ने,

(ड) अधिनस्थ कर्मचारीको काममा मार्ग दर्शक भुमिका निर्वाह गरी कर्मचारीहरुको सुपरीवेक्षण र आवश्यकता अनुसार निर्देशन र नियन्त्रण समेत गर्ने,

(ढ) क्षमता अभिवृद्धि सम्बन्धी कार्यक्रम संचालन गर्ने,

(ण) विभिन्न मन्त्रालय, विभाग तथा कार्यालयहरुबाट मागिएको परामर्शमा राय दिने वा आवश्यकता अनुसार अन्य महाशाखा/शाखासँग समन्वय गरी राय सहित पेस गरी निर्णयानुसार जानकारी दिने व्यवस्था मिलाउने,

(त) मन्त्रालयलाई आवश्यक भौतिक सामाग्री र जनशक्तिको नियमित आपूर्तिको व्यवस्था मिलाउने,

(थ) महाशाखा बीच समन्वय कायम गर्ने र भइरहेको कामहरुको समन्वय र सुपरीवेक्षण गर्ने/गराउने,

(द) मन्त्रालयको कार्य क्षेत्रसँग सम्बन्धित ऐन, नियम, निर्देशिका, कार्यविधि, मापदण्ड लगायतका मस्यौदा तर्जुमा, संशोधन, सुधार आदि गर्नुपर्ने भएमा सम्बन्धित महाशाखासँग समन्वय गरी राय साथ पेस गर्ने,

(ध) मन्त्रालयलाई विपक्षी बनाई परेको उजुरीको लिखित जवाफ तयार गर्ने गराउने,

(न) अदालतबाट भएको फैसला कार्यान्वयन गर्ने गराउने,

(ऩ) मन्त्रालयको तर्फबाट प्रतिरक्षा गर्नुपर्ने विषयमा कानुनी प्रतिरक्षा (बहस पैरवी गर्ने,

(प) मन्त्रालयबाट कार्यसम्पादन हुँदा पु-याउनुपर्ने कानुनी प्रक्रियाहरूमा राय सल्लाह दिने,

(फ) प्रदेश राजपत्रमा प्रकाशन गर्नुपर्ने कुराहरू प्रकाशन गर्ने व्यवस्था मिलाउने,

(ब) केन्द्रीय तथा कार्य सञ्चालन स्तरको लेखा व्यवस्थापन र मालसामान खरिद तथा लिलाम विक्रिको व्यवस्था मिलाउने, बेरुजु फछ्यौट गतिविधि सम्बन्धमा रेखदेख गरी आवश्यक निर्देशन दिने,

(भ) तोकिए बमोजिमको रकमान्तर खर्चको स्वीकृती, ठेक्का पट्टा सदर बदर तथा लिलाममा विक्रि र मिनाहा सम्बन्धी कार्यहरु गर्ने,

(म) मन्त्रालयको प्रवक्ता र सूचना अधिकारी सम्बन्धी प्रवन्ध गर्ने,

३.३.१.१ <u>प्रशासन शाखा</u> :-

(क) कर्मचारीहरुको आन्तरिक खटन पटन र आन्तरिक व्यवस्थापन सम्बन्धी कार्यहरु गर्ने,

(ख) मन्त्रालयको लागि आवश्यक परिवहन एवं संचार संयन्त्रको व्यवस्थापन गर्ने,

(ग) मन्त्रालयको लागि आवश्यक सवारी साधन, मेशिनरी औजार तथा जिन्सी सामनहरुको खरिद, भण्डारण, आपुर्ती मर्मत, सम्भार, जिन्सी निरीक्षण तथा लिलाम विक्रिको व्यवस्था गर्ने,

(घ) मन्त्रालयको सुरक्षा तथा सरसफाइको प्रबन्ध गर्ने,

(ङ) मन्त्रालय र अन्तर्गत निकायबाट संचालित आयोजनाहरुको स्थायी/अस्थायी र विकास तर्फको दरबन्दी सृजना सम्बन्धी कार्य गर्ने,

(च) कर्मचारी बैठक आयोजना गर्ने र सोको निर्णय कार्यान्वयन गर्ने/गराउने,

(छ) कर्मचारीहरुको पुरस्कार र दण्ड सम्बन्धी कार्य गर्ने/गराउने,

(ज) उजुरी सम्बन्धी कार्यहरू गर्ने,

(झ) सम्पती विवरण सम्बन्धी कार्य गर्ने,

(ञ) मन्त्रालयको सबै कर्मचारीहरु र यस मन्त्रालय अन्तर्गतका अधिकृत कर्मचारीहरुको कार्यसम्पादन मूल्यांकन सम्बन्धी कार्य गर्ने,

(ट) मन्त्रालय वा अनतर्गत कार्यलयहरुको आवश्यक जनशक्तिको संख्या यकीन गरी नपुग भएमा पद प्रक्रिया पूरा गरी निर्णय बमोजिम सम्बन्धित निकायहरुमा सहमतिको लागि लेखि पठाउने,

(ठ) प्रदेश सरकारको निर्णय बमोजिम स्वीकृत दरबन्दी निजामती किताबखानामा दर्ता गराउने,

(ड) मन्त्रालय र अन्तर्गतका कार्यालयहरुमा रिक्त रहेको पदपूर्तिको लागि सम्वन्धित निकायमा माग गर्ने र पदपूर्तिको लागि नियमानुसार छनौट भई आएका कर्मचारीलाई नियुक्ति, बढुवा तथा पदस्थापन सम्बन्धी कार्य गर्ने,

(ढ) मन्त्रालय अन्तर्गत कर्मचारीहरुको नियुक्ति, सरुवा, बढुवा, तालिम, पुरस्कार, अवकाश राजीनामा वा अन्य कर्मचारी प्रशासन सम्बन्धी पेस भएका विषयहरुमा आधिकारिक राय सहित फाइल पेस गरी निर्णय बमोजिमको कार्य गर्ने/गराउने,

(ण) आवश्यक अनुसार विभागीय सजाय सम्बन्धी कारवाही शुरु गर्ने र निर्णयानुसार कारवाही गर्ने वा सम्वन्धित निकायमा लेखी पठाउने,

(त) मन्त्रालय वा अन्तर्गतका पदाधिकारीहरुलाई निमित्त, कायम मुकाम, काज सम्वन्धी कारवाही गरी निर्णयानुसार सम्बन्धित निकायमा लेखी पठाउने,

(थ) मन्त्रालयको अधिकृतस्तर तथा सहायकस्तरका सम्पूर्ण कर्मचारीहरुको विवरण तथा दरवन्दी अभिलेख अद्यावधिक राख्ने मन्त्रालयका कर्मचारी सरुवा भइ अन्यत्र कार्यालयमा गएमा व्यक्तिगत फाईल सम्वन्धित कार्यलयमा पठाउने व्यवस्था गर्ने,

(द) कर्मचारी क्षमता विकास सम्बन्धी तालिम सञ्चालन गर्ने,

(ध) मन्त्रालय वा अन्तर्गत कार्यालयका कर्मचारीहरुको हाजिरी, गयल, बिदा रेकर्डको अभिलेख अद्यावधिक राख्न लगाउने,

(न) अधिनस्थ कार्यको कार्य प्रगति प्रतिवेदन तयार गरी पेस गर्ने,

(न्न) विदेशी छात्रवृति र अध्ययन भ्रमणका लागि उमेदवार छनौट गर्न निर्णयार्थ पेस गर्ने,

(प) विदेशमा अध्ययन वा तालिममा जाने, फर्कने व्यक्तिहरुको विवरणहरु दुरुस्त राख्ने, राख्न लगाउने,

(फ) जनशक्ति र जिन्सी व्यवस्थापन सम्बन्धमा आवश्यक नीति, निर्देशिका, कार्यविधि, मापदण्ड तर्जुमा गरी स्वीकृतिको लागि पेस गर्ने ।

३.३.१.२ कानून शाखा :-

(क) ऐन, नियम, गठन आदेश, बिनियमको मस्यौदा गर्ने, मस्यौदा परिमार्जन गर्ने र आवश्यक कार्यको लागि अघि बढाउने,

(ख) विभिन्न विषयमा मन्त्रालय र अन्तर्गत बिभाग, कार्यालयलाई आवश्यक कानुनी राय परामर्श दिने,

(ग) मन्त्रालयको तर्फबाट लिखित जवाफको मस्यौदा एवं प्रतिउत्तर तयार गर्ने,

(घ) कानुनी प्रतिरक्षाको कारवाही गर्ने,

(ङ) मन्त्रालयको तर्फबाट गरिने वार्ता, सम्झौता आदिमा सहभागी हुने, वार्ताका बुँदा तयार गर्ने, सम्झौताको मस्यौदा परिमार्जन गर्ने,

(च) मन्त्रालयको तर्फबाट प्रदेश राजपत्रमा प्रकाशन गरिने सूचनाहरुको मस्यौदा तयार गरी परिमार्जन सहित सम्पादनका लागि सम्बन्धित मन्त्रालयमा पठाउने,

(छ) सम्पादित सूचनाहरु प्रकाशनका लागि पठाउने,

(ज) अदालतबाट भएका फैसला कार्यान्वयन संवन्धी कार्य गर्ने।

३.३.१.३ आर्थिक प्रशासन शाखा :-

(क) मन्त्रालय र अन्तर्गत निकायको वार्षिक बजेट तयार गर्ने,

(ख) अख्तियारी बाँडफाँड, रकमान्तर लगायत आर्थिक प्रशासन सम्वन्धी कार्य गरी पेस गर्ने,

(ग) स्वीकृत बिनियोजन बमोजिम बजेट खर्चका लागि पेस गर्ने,

(घ) धरौटी राजश्व सम्बन्धी विवरण अद्यावधिक राख्ने,

(ङ) केन्द्रिय लेखा तयार गर्ने र लेखा परीक्षण गराउने,

(च) मातहत निकायको आर्थिक प्रशासन सम्बन्धी कार्यको अनुगमन गर्ने,

(छ) बेरुजुको अभिलेख राख्ने र बेरुजु फछ्यौट सम्बन्धी कार्य गर्ने,

(ज) शाखासंग सम्बन्धित कार्यको प्रगति विवरण तयार गर्ने,

(झ) रायका लागि पेस भएका विषयमा प्रचलित आर्थिक ऐन, नियम बमोजिम राय दिले

(ञ) प्रचलित कानून बमोजिम आर्थिक प्रशासन शाखाले गर्नुपर्ने भनी तोकिएका अन्य कार्य गर्ने।

३.३.२ सडक, पुल तथा अन्य पूर्वाधार महाशाखा :-

(क) प्रदेशभित्रका सडक तथा पुल, झोलुङ्गे पुल सम्वन्धी आयोजनाको पहिचान, सर्वेक्षण, डिजाइन, अनुगमन तथा नियमन गर्ने गराउने.

(ख) स्वीकृत कार्यक्रम अनुसार इस्टिमेट गरी ठेक्का व्यवस्थापन र परामर्शदाता छनौटको लागि आवश्यक समन्वय गर्ने, विभिन्न चरणमा प्रतिवेदनहरु प्राप्त भएपछि जाँच तथा रुजु गरी आवश्यक कारवाहीका लागि सिफारिश गर्ने,

(ग) सम्बन्धित निकाय तथा महाशाखाहरुसंग समन्वय गरी सडक, झोलुङ्गेपुल रज्जुमार्ग तथा यातायात व्यवस्था सम्बन्धी आयोजनाहरु निर्माणमा आवश्यक समन्वयन गर्ने/गराउने,

(घ) मन्त्रालय अन्तर्गत चालु रहेका विभिन्न आयोजनाहरुको प्राविधिक पक्ष र लगानीको प्रभावकारिता सम्बन्धमा तथा आयोजनाको समष्टिगत गुणस्तर बारे पृष्टपोषण लिई आवश्यक सुधारका लागि ठोस कदमहरु चाल्न राय परामर्श पेस गर्ने/गराउने,

(ङ) आवश्यकता अनुसार ऐन नियम तथा नीति तर्जुमा तथा हेरफेर गर्नको लागि राय पेस गर्ने,

(च) निर्देशनालय र मातहतका कार्यालयहरुलाई सुम्पिएको कार्य गर्न गराउन नीति निर्देशन दिने,

(छ) सडक मर्मत तथा संभार, पुल, झोलुङ्गे पुल तथा आयोजनाहरुको नीति तथा कार्यक्रम तर्जुमा गरी योजना महाशाखामा पठाउने,

(ज) सडक मर्मत, संभार तथा पुल तथा झोलुङ्गे पुलको लागि वैज्ञानिक आधारमा प्राथमिकता सूची तयार गरी सोही अनुरुप कार्यक्रम बनाउने तथा कार्यान्वयन गराउने,

(झ) सिनियर डिभिजनल ईन्जिनियर, ओभरसियर तथा लेन्थवर्करहरुलाई सडक तथा पुल मर्मत सुधार सम्वन्धी तालिम प्रदान गर्ने व्यवस्था मिलाउने,

(ञ) निर्माण, मर्मत संभार सम्बन्धी कागजातहरु अध्यावधिक गर्ने कार्य गर्ने/गराउने,

### ३.३.२.१ सडक तथा पुल शाखा :-

(क) सडक तथा पुल निर्माण सम्बन्धी नीति निर्धारण, अनुगमन, अध्ययन, अनुसन्धानमा समन्वय गर्ने,

(ख) प्रदेशभित्रका सडक तथा पुल सम्बन्धी आयोजनाको पहिचान, सर्वेक्षण, डिजाइन, अनुगमन तथा नियमन गर्ने गराउने,

(ग) स्वीकृत कार्यक्रम अनुसार इस्टिमेट गरी परामर्शदाता छनौटको लागि आवश्यक कागजातहरु तयार गर्ने,

(घ) ठेक्का व्यवस्थापन र परामर्शदाता छनौट प्रक्रिया (प्रस्ताव आह्वान, प्रस्ताव प्राप्त गर्ने, खोल्ने, आदि) सम्वन्धी कार्य गर्ने, आवश्यकता अनुसार ऐन नियम तथा नीति तर्जुमा तथा हेरफेर गर्नको लागि राय प्रतिक्रिया पेस गर्ने,

(ङ) मन्त्रालय अन्तर्गत चालु रहेका विभिन्न आयोजनाहरुको प्राविधिक पक्ष र लगानीको प्रभावकारिता सम्बन्धमा तथा आयोजनाको समष्टिगत गुणस्तर बारे पृष्टपोषण लिई आवश्यक सुधारका लागि ठोस कदमहरु चाल्न राय परामर्श पेस गर्ने/गराउने

(च) सडक निर्माण, मर्मत, संभारको लागि वैज्ञानिक आधारमा प्राथमिकता सूची तयार गरी सोही अनुरुप कार्यक्रम बनाउने तथा कार्यान्वयन गराउने सम्वन्य गर्ने,

(छ) निर्माण तथा मर्मत संभार सम्बन्धी कागजातहरु तर्जुमा तथा अध्यावधिक गर्ने कार्य गर्ने/गराउने,

(ज) प्रदेशभित्रका पुल, झोलुङ्गे पुल सम्बन्धी आयोजनाको पहिचान, सर्वेक्षण, डिजाइन, अनुगमन तथा नियमन गर्ने गराउने, पुल, झोलुङ्गे पुल र रज्जुमार्ग निर्माण सम्बन्धी नीति निर्धारण, अनुगमन, अध्ययन, अनुसन्धान कार्यमा समन्वय गर्ने, सम्बन्धित निकाय र संस्थाहरुसँगको सम्पर्क र समन्वय गर्ने,

### ३.३.२.२ अन्य पूर्वाधार शाखा :-

(क) प्रदेशस्तरको यातायात सम्बन्धी नीति, कानून, मापदण्ड र योजनाको तर्जुमा तथा कार्यान्वयन, अध्ययन अनुसन्धान र नियमन सम्बन्धी कार्यहरु,

(ख) प्रदेशभित्रका यातायात सम्बन्धी अन्य पूर्वाधारु जस्तै रज्जु मार्ग, सुरुङ्ग मार्ग, मोनो तथा मेट्रो रेल आदि वैकल्पिक पूर्वाधारहरुको पहिचान, सर्वेक्षण, डिजाइन, अनुगमन तथा नियमन गर्ने,

(ग) सम्बन्धित निकाय तथा महाशाखाहरुसंग समन्वय गरी रज्जुमार्ग तथा यातायात व्यवस्था सम्बन्धी आयोजनाहरु निर्माणमा आवश्यक समन्वय गर्ने,

(घ) सडक तथा अन्य पूर्णधार मर्मत तथा संभार कार्यको मापदण्ड, नीति तथा कार्यक्रम तर्जुमा कार्यमा सम्वन्वय,

(ङ) सडक तथा अन्य पूर्वाधारहरुको लागि वैज्ञानिक आधारमा प्राथमिकता सूची तयारी र कार्यान्वयन गर्ने,

(च) आपतकालीन सडक अन्य पूर्वाधार संरचनाहरुको सुरक्षा र संरक्षण,

(छ) विशिष्ट प्रकृतिका शहरी संरचनाको योजना तर्जुमा, अनुगमन, नियमन, मूल्यांकन तथा समन्वय सम्बन्धी कार्य ।

३.३.३ आवास, भवन तथा शहरी विकास महाशाखा :-

(क) बसोबास र बस्ती विकास, लोपोन्मुख, सिमान्तकृत, गरिव, ज्येष्ठ नागरिक, शहरी विपन्न वर्ग तथा शहरी आवास विहीनको आवास व्यवस्थापन सम्बन्धी,

(ख) राष्ट्रिय एवं प्रदेश भवन संहिता कार्यान्वयनको अनुगमन एवं मूल्यांकन सम्बन्धी,

(ग) आवासको हक कार्यान्वयन गर्न राष्ट्रिय आवास नीति तर्जुमा/परिमार्जन, कार्यान्वयन तथा नियमन सम्बन्धी,

(घ) प्रदेश मुख्यमन्त्री, सभामुख, मन्त्री, उपसभामुख, प्रदेश प्रमुख सचिव र प्रदेश सचिव आदिको लागि आवास व्यवस्था सम्बन्धी,

(ङ) स्मारक, भ्यू टावर, सम्मेलन केन्द्र, प्रदर्शनी केन्द्र प्लनिटोरियम जस्ता शहरी संरचना सम्बन्धी,

(च) भवन प्रविधी/ वैकल्पिक निर्माण प्रविधी सम्बन्धमा प्रादेशिक रुपमा अनुसन्धान, अध्ययन, तालिम संचालन सम्बन्धी,

(छ) प्रादेशिक सुरक्षित भवन निर्माण कार्ययोजना कार्यान्वयन र नियमन सम्बन्धी,

(ज) लोपोन्मुख, सिमान्तकृत, गरिब, जेष्ठ नागरिक तथा अन्य लक्षित वर्गलाई जलवायु अनुकुलित, वातावरण मैत्रि तथा बहुविपद प्रतिरोधात्मक आवास व्यवस्थापन सम्बन्धी नीति, मापदण्ड तर्जुमा गरी नियमन सम्बन्धी समन्वय,

(झ) कार्यान्वयनमा रहेका आयोजनाहरुको सामाजिक, आर्थिक तथा प्राविधिक दृष्टिकोणवाट अनुगमन, मूल्याङ्कन सम्बन्धी,

(ञ) संयुक्त आवास, सामूहिक आवास, बहुतल्ले आवास तथा जग्गा विकासको योजना तथा कार्यक्रम तर्जुमा र सरोकारवाला निकायसँग समन्वय सम्वन्धी,

(ट) प्रदेश सचिवालयको भवन तथा आवास व्यवस्थापन, सरकारी भवन र आवासको निर्माण, मर्मत सम्भार, रेखदेख र सुरक्षा सम्बन्धी,

(ठ) भवन तथा अन्य निर्माण सामग्रीको प्रविधि, अनुसन्धान तथा विकास सम्बन्धी संहिता र मापदण्डको तर्जुमा/परिमार्जन, अनुगमन, मूल्यांकन तथा नियमन सम्बन्धी,

(ड) आवास तथा भवन क्षेत्रमा संलग्न सरकारी, गैर सरकारी र निजी संस्था तथा निकायहरुबीच समन्वय सम्बन्धी, अव्यवस्थित बसोवास सम्बन्धी प्रदेश नीति, कानुन, मापदण्ड तर्जुमा र नियमन गर्ने सम्बन्धी,

(ढ) प्रदेश महत्वको आयोजनाबाट विस्थापितका लागि पूनर्वास सम्बन्धी नीति, कानुन, मापदण्ड तर्जुमा गरी तिनको कार्यान्वयन र नियमन सम्बन्धी,

(ण) आवास तथा भवन आयोजनाको सम्बन्धमा मन्त्रालय तथा अन्तर्गतका निकायहरुसँग समन्वय तथा परामर्श सम्बन्धी,

(त) मन्त्रालय र अन्तर्गतका विभिन्न विकास आयोजनाहरुको तर्जुमा, अनुगमन, मूल्याङ्कन, समन्वय सम्बन्धी,

(थ) वार्षिक कार्यक्रम तर्जुमा र संशोधन सम्बन्धी,

(द) प्रदेश सरकारसँग सम्बन्धित शहरी पूर्वाधार विकास सम्बन्धी नीति, रणनीति, योजना, शहरी, भौतिक सामाजिक, आर्थिक विकास योजना, कार्यक्रम तथा शहरी विकास आयोजनाहरुको अनुगमन नियमन तथा समन्वय सम्बन्धी, शहरी भौतिक विकास आयोजनाको तयारी र वर्गीकरण सम्बन्धी,

(ध) प्रादेशिक स्तरका रणनीतिक शहरी पूर्वाधार (मेगा सिटी, स्मार्ट सिटी, हिमाली सहर, नयाँ सहर, खाद्य हरियाली सहर, सघन शहरी विकास) आयोजनाहरुको कार्यान्वयन र नियमन सम्बन्धी,

(न) विशिष्ट प्रकृतिका शहरी संरचनाको योजना तर्जुमा, अनुगमन, नियमन, मूल्यांकन तथा समन्वय सम्बन्धी,

(ऩ) शहरी विकासको प्राविधिक, आर्थिक, सामाजिक तथा वातावरणीय विषय सम्बन्धी,

(प) शहरी विकासमा संलग्न संघ, प्रदेश, स्थानीय तह लगायतका सरकारी, अर्धसरकारी विकास साझेदार, गैर सरकारी र निजी संस्था तथा निकायहरुबीच समन्वय सम्बन्धी,

(फ) शहरी भू-उपयोग नीति, वस्ती विकास नीति, शहरी वातावरण जग्गा विकास एकीकृत भवन उद्यान विकास, शहरी विकास मापदण्ड तर्जुमा र नियमन सम्बन्धी,

(ब) मनोरञ्जन पार्क, मनोरञ्जन स्थल सम्बन्धी नीति कानून, मापदण्ड र नियमन सम्बन्धी

(भ) शहरी विकास सम्बन्धमा पेस भएका विषयहरुमा राय तथा परामर्श सम्बन्धी,

(म) शहरी पूर्वाधार तथा वस्ती विकास, सम्पदा र वस्ती मापदण्ड सम्बन्धी,

(य) प्रदेश र स्थानीय तहमा शहरी विकास योजना तर्जुमा, स्रोत पहिचान एवं परिचालन, कार्यान्वयन एवं सशालन व्यवस्थापनमा क्षमता अभिवृद्धि सम्बन्धी,

३.३.३.१ <u>आवास तथा भवन शाखा</u> :-

(क) प्रादेशिक भवन संहिताको निर्माण परिमार्जन, सूचना प्रवाह, कार्यान्वयनको अनुगमन सम्बन्धी,

(ख) सरकारी भवनहरुको निर्माण तथा मर्मत सम्बन्धी,

(ग) सरकारी भवन एवं निवासहरुको रेखदेख, सुरक्षा तथा तथ्याङ्क सम्बन्धी,

(घ) भवन निर्माणको नीति, मापदण्ड तर्जुमा तथा कार्यान्वयन सम्बन्धी,

(ङ) भवन निर्माण प्रविधि तथा भवन निर्माण सामग्रीहरुको अनुसन्धान, विकास सम्बन्धी,

(च) भवन ऐन तथा नियमावलीको प्रभावकारी कार्यान्वयन सम्बन्धी,

(छ) स्मारक, भ्यू टावर, सम्मेलन केन्द्र, प्रदर्शनी केन्द्र प्लनिटोरियम जस्ता विशिष्ट प्रकृतिका शहरी संरचना सम्बन्धी,

(ज) भवन प्रविधी/वैकल्पिक निर्माण प्रविधी सम्बन्धमा प्रादेशिक रुपमा अनुसन्धान, अध्ययन, तालिम संचालन सम्बन्धी,

(झ) प्रादेशिक सुरक्षित भवन निर्माण कार्ययोजना कार्यान्वयन र नियमन सम्बन्धी,

(ञ) सरकारी, गैरसरकारी तथा निजी क्षेत्रहरुबाट सञ्चालन गरिएका आवास सम्बन्धी आयोजनाबाट प्राप्त उपलब्धी, सेवास्तर (परिमाणात्मक तथा गुणात्मक) तथा अन्य व्यवस्थापकीय सूचनाहरुको सङ्कलन, विश्लेषण तथा पृष्ठपोषण सम्बन्धी,

(ट) आवासीय जग्गा विकासको नीति तर्जुमा एवं कार्यान्वयन पक्षको अनुगमन सम्बन्धी,

(ठ) संयुक्त आवास, सामूहिक आवास, बहुतल्ले भवन र आवास तथा जग्गा विकास सम्बन्धी नीति तर्जुमा तथा कार्यान्वयन र अनुगमन सम्बन्धी,

(ड) आवास क्षेत्रमा नीजि क्षेत्रको भूमिका सम्बन्धमा नीति तर्जुमा तथा समन्वय सम्बन्धी,

(ढ) आवास तथा भवन क्षेत्रमा संलग्न सरकारी, गैर सरकारी र निजी संस्था तथा निकायहरुवीच समन्वय सम्बन्धी,

(ण) अव्यवस्थित बसोवास सम्बन्धी राष्ट्रिय नीति, कानुन, मापदण्ड तर्जुमा र नियमन गर्ने सम्वन्धी,

(त) लोपोन्मुख, सीमान्तकृत, गरिव, ज्येष्ठ नागरिक, शहरी विपन्न तथा शहरी आवास विहिनका लागि आवास व्यवस्थापनको

(थ) नीति, कानून र मापदण्ड तर्जुमा, कार्यान्वयन र अनुगमन सम्वन्धी,

(द) अव्यवस्थित बसोवास सम्बन्धी राष्ट्रिय नीति, कानुन, मापदण्ड तर्जुमा र नियमन गर्ने सम्वन्धी,

(ध) राष्ट्रिय महत्वको आयोजनाबाट विस्थापितका लागि पूनर्वास सम्बन्धी नीति, कानुन, मापदण्ड तर्जुमा गरी तिनको कार्यान्वयन र नियमन सम्बन्धी ।

३.३.३.२ <u>शहरी विकास शाखा</u> :-

(क) शहरी पूर्वाधार विकासको नीति तर्जुमा, कार्यान्वयन, अनुगमन र मूल्यांकन सम्बन्धी,

(ख) सरकारी, गैरसरकारी तथा निजी क्षेत्रबाट सञ्चालित शहरी भौतिक पूर्वाधार (शहरी सड़क, शहरी खानेपानी, ढल निकास, विद्युतिकरण, सञ्चार, फोहोरमैला व्यवस्थापन आदि) आयोजनाहरुबाट प्राप्त

उपलब्धि, सेवास्तर (परिणात्मक तथा गुणात्मक) तथा अन्य व्यवस्थापकीय सूचनाहरुको संङ्कलन तथा पृष्ठपोषण सम्बन्धी,

(ग) शहरी पूर्वाधारमा निजी क्षेत्र लगायतको लगानीको नीति सम्बन्धी,

(घ) शहरी पुर्वाधारसँग सम्बन्धित निकायहरुसँग गर्ने समन्वय एवं सहकार्य सम्बन्धी,

(ङ) प्रदेश एवं स्थानीय तहहरुसंगको समन्वयमा फोहोरमैला व्यवस्थापन सम्बन्धी रणनैतिक कार्ययोजना तयार गर्ने, सोको डिजाइन, निर्माण सम्बन्धमा प्राविधिक सहयोग उपलब्ध गराउने सम्बन्धी,

(च) शहरी पूर्वाधारको मापदण्ड तर्जुमा तथा नियमन सम्बन्धी

(छ) प्रदेश सरकार तथा स्थानीय तहसँगको सहकार्यमा गर्न सकिने शहरी पूर्वाधारको पहिचान र कार्यान्वयन सम्बन्धी

(ज) प्रादेशिक शहरी विकास नीति तर्जुमा परिमार्जनका साथै सोको कार्यान्वयन योजना तर्जुमा सम्बन्धी,

(झ) अन्तर प्रादेशिक शहरी विकास योजनाको आवश्यकता पहिचान तथा आयोजनागत अनुदान (subsidies) र पुरक लगानी (Matching Fund) सम्बन्धी,

(ञ) उदीयमान शहर (Emerging Towns) लाई दिइने अनुदान, तिनको संस्थागत विकासका लागि नीति तर्जुमा, कार्यान्वयन तथा अनुगमन सम्बन्धी,

(ट) शहरी विकासको योजना तर्जुमा र कार्यान्वयमा संलग्न संघ, प्रदेश, स्थानीय तह लगायतका सरकारी, विकास साझेदार, और सरकारी र निजी संस्था तथा निकायहरुवीच समन्वय सम्बन्धी,

(ठ) शहरी भूउपयोग, शहरी विकास नीति तथा वस्ती विकास नीति योजना तर्जुमा सम्वन्धी,

(ड) नयाँ नगर निर्माण तथा शहरी क्षेत्र विस्तारको नीति तर्जुमा, योजना तर्जुमा तथा कार्यान्वयन पक्षको अनुगमन सम्बन्धी,

(ढ) भौतिक विकास आयोजनाको तयारी, वर्गीकरण र आयोजना बैक तयार गर्ने सम्वन्धी,

(ण) प्रदेश सरकार तथा स्थानीय तहबाट शहरी योजना तर्जुमा कार्यान्वयनमा सहयोग र समन्वय गर्ने

(त) स्वीकृत भवन जग्गा विकास कार्यक्रमसँग सम्बन्धित ब्लकप्लान स्वीकृति लगायतका योजनाहरु सम्बन्धी।

३.३.४ <u>योजना, अनुगमन तथा वातावरण महाशाखा</u> :-

(क) मन्त्रालय र अन्तर्गतका निकायहरुको कार्यक्रम तर्जुमा, वार्षिक योजना, बजेट प्रक्षेपण र बजेट सिलिङ सम्बन्धी कार्य गर्ने,

(ख) मन्त्रालय र अन्तर्गतका निकायहरुका आयोजनाको वार्षिक कार्यक्रम स्वीकृति/संशोधन गर्ने.

(ग) मन्त्रालय अन्तर्गत संचालित विभिन्न विकास कार्यक्रमबीच समन्वय गर्ने,

(घ) वार्षिक योजना, कार्यक्रम तथा बजेट स्वीकृतिबारे सम्बन्धित निकायहरुसँग समन्वय गर्ने,

(ङ) मन्त्रालयको कामसँग सम्बन्धित सूचना, तथ्यांक, अभलेख सुरक्षित राख्ने,

(च) मन्त्रालय र अन्तर्गतका निकायहरुको वैदेशिक सहायता सम्बन्धमा आईपर्ने अन्य कार्यहरु,

(छ) मन्त्रालय र अन्तर्गतका आयोजनाहरुको मासिक, चौमासिक, अर्धवार्षिक र वार्षिक प्रगति प्रतिवेदन तयारी, अभिलेखकरण र समीक्षा सम्बन्धी कार्य गर्ने,

(ज) विकास आयोजनाहरुको अनुगमन तथा मूल्याङ्कनका सूचक तयार गर्ने.

(झ) मन्त्रालय र अन्तर्गत संचालित आयोजनाहरुको अनुगमन एवं मूल्याङ्कन गर्ने,

(ञ) प्रदेश मन्त्रालय स्तरीय विकास समस्या समाधान समितिको बैठक र सो बैठकको एजेण्डा र निर्णय तयार गर्ने,

(ट) प्रदेशस्तरीय विकास समस्या समाधान समिति र राष्ट्रिय योजना आयोगको केन्द्रीय अनुगमन तथा मूल्याङ्कन महाशाखाको सम्पर्क शाखाको रुपमा कार्य गर्ने,

(ठ) मन्त्रालय र अन्तर्गतका निकायहरुबाट भए गरेका कार्यहरुको प्रगति विवरण पुस्तिका प्रकाशन गर्ने,

(ड) मन्त्रालय र अन्तगर्तबाट संचालित विभिन्न विकास आयोजनाहरुको आवधिक समीक्षा गर्ने,

(ढ) आयोजनाहरुको प्रभाव मूल्याङ्कन गर्ने,

(ण) कार्यक्रम अनुगमन मूल्यांकन सन्दर्भमा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र प्रदेश नीति तथा योजना आयोगसँग

(त) सम्पर्क विन्दुको रुपमा कार्य गर्ने,

(थ) मन्त्रालयसँग सम्बन्धित विषयमा अध्ययन अनुसन्धान गर्ने,

(द) बजेट तथा कार्यक्रम संसोधन गर्न राय पेश गर्ने,

(ध) महाशाखा र कार्यालयहरुबाट समय समयमा विवरण माग गरी अद्यावधिक राख्ने,

(न) आर्थिक मामिला तथा योजना मन्त्रालय, प्रदेश नीति तथा योजना आयोग, मुख्यमन्त्री तथा मन्त्रीपरिषदको कार्यालय र राष्ट्रिय योजना आयोगबाट माग गरेका शाखासँग सम्वन्धित विवरण तयार गरी उपलब्ध गराउने,

(ऩ) वातावरणीय अध्ययन तथा अनुगमन सम्बन्धी कार्य गर्ने गराउने,

(प) वातावरण संरक्षण ऐन लगायत वातावरण सम्बद्ध प्रचलित कानूनले तोके बमोजिम मन्त्रालयको अधिकृत महाशाखाको रुपमा कार्य गर्ने

३.३.४.१ <u>योजना, अनुगमन तथा मूल्याङ्कन शाखा</u> :-

(क) मन्त्रालय र अन्तर्गतका निकायहरुको कार्यक्रम तर्जूमा, वार्षिक योजना, बजेट प्रक्षेपण र बजेट सिलिङ सम्बन्धी कार्य गर्ने,

(ख) मन्त्रालय अन्तर्गत संचालित विभिन्न विकास कार्यक्रम बीच समन्वय गर्ने,

(ग) वार्षिक योजना, कार्यक्रम तथा बजेट स्वीकृतिबारे सम्बन्धित निकायहरुरंग समन्वय गर्ने,

(घ) मन्त्रालयको कामसँग सम्वन्धित सुचना, तथ्यांक, अभिलेख सुरक्षित राखे,

(ङ) मन्त्रालय र अन्तर्गत निकायहरुको वैदेशिक सहायता सम्बन्धमा आईपर्ने अन्य कार्यहरू,

(च) मन्त्रालय र अन्तर्गतका आयोजनाहरुको मासिक, चौमासिक, अर्धवार्षिक र वार्षिक प्रगति प्रतिवेदन तयारी, अभिलेखकरण र समीक्षा सम्बन्धी कार्य गर्ने,

(छ) विकास आयोजनाहरुको अनुगमन तथा मूल्याङ्कनका सूचक तयार गर्ने,

(ज) मन्त्रालय र अन्तर्गत संचालित आयोजनाहरुको अनुगमन एवं मुल्याङ्कन गर्ने,

(झ) प्रदेश मन्त्रालय स्तरीय विकास समस्या समाधान समितिको बैठक र सो बैठकको एजेण्डा र निर्णय तयार गर्ने,

(ञ) प्रदेशस्तरीय विकास समस्या समाधान समिति र राष्ट्रिय योजना आयोगको केन्द्रीय अनुगमन तथा मूल्याउन महाशाखाको सम्पर्क शाखाको रुपमा कार्य गर्ने,

(ट) मन्त्रालय र अन्तर्गतका निकायहरुबाट भए गरेका कार्यहरुको प्रगति विवरण पुस्तिका प्रकाशन गर्ने,

(ठ) मन्त्रालय अन्तर्गतबाट सञ्चालित विभिन्न विकास आयोजनाहरुको आवधिक समीक्षा गर्ने,

(ड) आयोजनाको प्रभाव मूल्याङ्कन गर्ने,

(ढ) कार्यक्रम अनुगमन मूल्यांकन सन्दर्भमा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्‌को कार्यालय र प्रदेश नीति तथा योजना आयोगसँग सम्पर्क बिन्दुको रुपमा कार्य गर्ने,

(ण) मन्त्रालयसँग सम्बन्धित विषयमा अध्ययन अनुसन्धान गर्ने,

(त) बजेट तथा कार्यक्रम संशोधन गर्न राम पेश गर्ने,

(थ) अन्य महाशाखा र कार्यालयबाट समय-समयमा विवरण माग गरी अद्यावधिक राजे

(द) आर्थिक मामिला तथा योजना मन्त्रालय, प्रदेश नीति तथा योजना आयोग, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्‌को कार्यालय र राष्ट्रिय योजना आयोगले माग गरेका शाखासँग सम्वन्धित विवरण तयार गरी उपलब्ध गराउने,

३.३.४.२ <u>वातावरण शाखा</u> :-

(क) वातावरण संरक्षण ऐन लगायत वातावरण सम्वद्ध प्रचलित कानुनले तोके बमोजिम मन्त्रालयको अधिकृत शाखाको रुपमा कार्य गर्ने,

(ख) वातावरणीय अध्ययन तथा अनुगमन सम्बन्धी कार्य गर्ने गराउने,

(ग) प्रारम्भिक तथा संक्षिप्त वातावरणीय अध्ययन कार्यहरुको कार्यसूची तथा प्रतिवेदन स्वीकृत सम्वन्धी कार्य गर्ने,

(घ) स्वीकृत प्रतिवेदन अनुसारको वातावरण व्यवस्थापन योजनाको कार्यान्वयन अनुगमन गर्ने,

(ङ) वातावरण संरक्षण ऐन, २०७७ ते निर्दिष्ट गरे अनुसारको अन्य कार्यहरु गर्ने ।

४. **मन्त्रालयबाट प्रदान गरिने सेवा :-**

यस मन्त्रालयबाट हुने मुख्य मुख्य कार्यहरु देहाय अनुसार छन्।

(क) प्रदेशस्तरको भौतिक पूर्वाधार, सहरी तथा ग्रामीण पूर्वाधार विकास सम्बन्धी नीति, कानून, मापदण्ड र योजनाको तर्जुमा तथा कार्यान्वयन, अध्ययन, अनुसन्धान र नियमन।

(ख) वातावरणमैत्री, अपाङ्गतामैत्री र लैङ्गिकमैत्री भौतिक पूर्वाधार प्रणालीको निर्माण, प्रवर्द्धन र विकास

(ग) रज्जुमार्ग, जलमार्ग लगायतका वैकल्पिक यातायात प्रविधिको प्रवर्द्धन, सम्भाव्यता अध्ययन, आयोजना कार्यान्वयन, सञ्चालन र व्यवस्थापन

(घ) प्रदेश लोकमार्ग, सडक, पुल, झोलुङ्गेपुल सम्बन्धी नीति, कानून, मापदण्ड तथा योजना तर्जुमा र निर्माण, स्तरोन्नति, मर्मत सम्भार, तथ्याङ्क व्यवस्थापन, सडक प्रविधि सम्वन्धी अध्ययन अनुसन्धान, यातायात सुरक्षा, कार्यान्वयन र नियमन तथा सडक अधिकार क्षेत्र (राइट अफ वे) को संरक्षण

(ङ) प्रदेशस्तरका सरकारी कार्यालयहरूको भौतिक व्यवस्थापन र निर्माण सम्बन्धी नीति, कानून, मापदण्ड र योजना तर्जुमा, कार्यान्वयन र नियमन

(च) प्रदेश मुख्यमन्त्री, सभामुख, मन्त्री, उपसभामुख, प्रमुख सचिव तथा सचिवहरूको आवास पूर्वाधार व्यवस्थापन

(छ) प्रदेशभित्रको सहरी विकास योजना तर्जुमा, सहरी पूर्वाधार निर्माण, सञ्चालन, मर्मत सँभार र आवास तथा भवन सम्बन्धी नीति एवम् योजनाको निर्माण कार्यान्वयन र मार्ग निर्देशन

(ज) प्रदेशभित्र उपयुक्त भवन निर्माण प्रविधिको प्रवर्द्धन

(झ) प्रदेशको राजधानी र प्रादेशिक सहरको विकास, योजना तर्जुमा, कार्यान्वयन, संयोजन र पूर्वाधार निर्माण

(ञ) सुरक्षित बसोबास सम्बन्धी नीति तर्जुमा र कार्यान्वयन

(ट) प्रदेशभित्रको सडक सुरक्षा

बागमती प्रदेश सरकार

# भौतिक पूर्वाधार विकास मन्त्रालय

हेटौंडा, नेपाल

## नागरिक बडापत्र

| सि. नं. | सेवाको विवरण | सेवा प्राप्त गर्न सेवाग्राहीले पूरा गर्नुपर्ने प्रक्रिया र आवश्यक कागजात | लाग्ने शुल्क | लाग्ने अनुमानित समय | जिम्मेवार कर्मचारी/शाखा | सेवा प्रवाह गर्ने समय | गुनासो सुन्ने अधिकारी |
|---|---|---|---|---|---|---|---|
| १. | योजनाको माग संकलन | पत्र/निवेदन, लागत अनुमान, अनुसूची बमोजिमको योजना मागको फाराम, कार्यालयको सिफारिस, स्थानीय तहको सिफारिस | नि:शुल्क | १ घण्टा | योजना, अनुगमन तथा मुल्याङ्कन शाखा | कार्यालय समयभित्र | सम्बन्धित महाशाखा |
| २. | भेरियसन आदेश स्वीकृत गर्ने | पर्याप्त बजेट सुनिश्चिता दर्शाउने कागजात, सम्बन्धीत बृहत आयोजना प्रतिवेदन, | नि:शुल्क | बढीमा ७ दिन | सम्बन्धित शाखा प्रमुख | कार्यालय समयभित्र | सम्बन्धित महाशाखा |

| सि.नं. | सेवाको विवरण | सेवा प्राप्त गर्न सेवाग्राहीले पूरा गर्नुपर्ने प्रक्रिया र आवश्यक कागजात | लाग्ने शुल्क | लाग्ने अनुमानित समय | जिम्मेवार कर्मचारी/शाखा | सेवा प्रवाह गर्ने समय | गुनासो सुन्ने अधिकारी |
|---|---|---|---|---|---|---|---|
| | | पुनरावलोकन समितिको सिफारिस | | | | | |
| ३. | कार्यक्रम संसोधनको सिफारिस गर्ने | कार्यालयको पत्र, स्थानीय तहको सिफारिस | नि:शुल्क | बढीमा ७ दिन | योजना, अनुगमन तथा मुल्याङ्कन शाखा | कार्यालय समयभित्र | सम्बन्धित महाशाखा |
| ४. | बहुवर्षिय आयोजनाको श्रोत सुनिश्चितताका लागि सिफारिस गर्ने | पत्र/निवेदन, विस्तृत परियोजना प्रतिवेदन (DPR), लागत अनुमान, वातावरण प्रभाव मुल्याङ्कन प्रतिवेदन | नि:शुल्क | बढीमा ३ दिन | योजना, अनुगमन तथा मुल्याङ्कन शाखा | कार्यालय समयभित्र | सम्बन्धित महाशाखा |

**नोटः**

क. उपर्युक्त बमोजिम प्रदान हुने सेवा प्राप्त गर्न कुनै कठिनाई आइपरेमा सेवासँग सम्बन्धित जिम्मेवार कर्मचारीसँग सम्पर्क राख्न सकिनेछ।

ख. मन्त्रालयवाट प्रदान हुने सेवासँग सम्बन्धित जिम्मेवार कर्मचारीसँग सम्पर्क गर्दा सेवाग्राही सन्तुष्ट हुन नसकेमा सम्बन्धित महाशाखा प्रमुखसमक्ष उजुरी दिन सकिनेछ।

ग. महाशाखा प्रमुख समक्ष दिएको उजुरीको सुनुवाई कामको प्रकृतिअनुसार तुरुन्त हुनेछ। त्यहाँवाट पनि कामको फर्छ्यौट हुन नसकेमा प्रदेश सचिवसँग सम्पर्क गर्न सकिनेछ।

घ. कार्यालय सम्बन्धी जानकारीको लागि प्रशासन, योजना तथा अनुगमन एकाईमा सम्पर्क राख्न सकिनेछ।

**मन्त्रालयको सम्पर्क:-** फोन नं. फोन नम्बरः ०५७-५२५१९७/०५७-५२५१८६/०५७-५२०१२६/०५७-५२२८०४/०५७५२५४८१ रहेको छ।

**ईमेल:-** s3mopid@gmail.com/mopid@bagamati.gov.np

**वेबसाइट:**-mopid.bagamati.gov.np

## ५. मन्त्रालयका शाखा र जिम्मेवार अधिकारी :-

| सि.नं. | शाखाको नाम | पद | अधिकारीको नाम थर | सम्पर्क नम्बर | सेवा |
|---|---|---|---|---|---|
| १. | मन्त्रालय | प्रदेश सचिव | अमृत श्रेष्ठ | ९८५५०७६४७५ | स्थायी |
| २. | प्रशासन महाशाखा | अधिकृत (नवौं) | रमेश महर्जन | ९८४१३३६९४७ | स्थायी |
| ३. | प्रशासन शाखा | अधिकृत (सातौं) | रघुनाथ अधिकारी | ९८४५१५०७८२ | स्थायी |
| ४. | | अधिकृत (सातौं) | सम्झना श्रेष्ठ | ९८४७६४४९७१ | स्थायी |
| ५. | | अधिकृत (छैठौं) | लक्ष्मी राई | ९८४५५७६९४५ | स्थायी |
| ६. | | सहायक पाँचौ | | | |
| ७. | | कम्प्युटर अपरेटर | कौशिला गौतम | ९८५५०८७०८० | करार |
| ८. | | स. कम्प्युटर अपरेटर | सतिशराज ढकाल | ९८४५४००१६० | करार |

| सि.नं. | शाखाको नाम | पद | अधिकारीको नाम थर | सम्पर्क नम्बर | सेवा |
|---|---|---|---|---|---|
| ९. | कानून शाखा | कानून अधिकृत | सरस्वती कार्की | ९८६१९७७६०१ | स्थायी |
| १०. | आर्थिक प्रशासन शाखा | अधिकृत (नवौं) | श्रीराम पुडासैनी | ९८५५०६८२३७ | स्थायी |
| ११. | | अधिकृत (सातौं) | सरीता भट्टराई | ९८४०६६०५२४ | स्थायी |
| १२. | | लेखापाल | गोकर्ण प्रसाद बतौंला | ९८६५१६७४७९ | स्थायी |
| १३. | सडक, पुल तथा अन्य पूर्वाधार महाशाखा | सि.डि.ई. (नवौं) | प्रतिभा न्यौपाने | ९८४१९८६०९४ | स्थायी |
| १४. | सडक तथा पुल शाखा | इन्जिनियर (सातौं) | रामचन्द्र गौतम | ९८४६८८४३११ | स्थायी |
| १५. | | इन्जिनियर (सातौं) | बर्षा गन्द्रमा | ९८६८२२९९०८ | स्थायी |
| १६. | अन्य पूर्वाधार शाखा | इन्जिनियर (सातौं) | | | |
| १७. | आवास, भवन तथा शहरी विकास महाशाखा | सि.डि.ई. (नवौं) | भुपेन्द्र कुमार यादव | ९८०८७७५७५० | स्थायी |
| १८. | आवास तथा भवन शाखा | इन्जिनियर (सातौं) | सुयोग भण्डारी | ९८४०२५१३७६ | स्थायी |
| १९. | | इन्जिनियर (सातौं) | अंकित श्रेष्ठ | | |
| २०. | | इन्जिनियर (सातौं) | विपन गौतम | ९८४५५८५७४४ | करार |
| २१. | शहरी विकास शाखा | इन्जिनियर (सातौं) | सिद्धिराज तिमल्सिना | | |
| २२. | योजना अनुगमन तथा वातावरण महाशाखा | सि.डि.ई. (नवौं) | प्रतिभा न्यौपाने | ९८४१९८६०९४ | स्थायी |
| २३. | योजना अनुगमन तथा मुल्याङ्कन शाखा | इन्जिनियर (सातौं) | रामचन्द्र गौतम | ९८४६८८४३११ | स्थायी |
| २४. | | इन्जिनियर (सातौं) | | | |
| २५. | वातावरण शाखा | इन्जिनियर (सातौं) | वासुदेव दाहाल | ९८५५०२१५१९ | स्थायी |
| २६. | | इन्जिनियर (सातौं) | | | |
| २७. | मन्त्रीज्यूको निजी सचिवालय | अधिकृत (सातौं) | | | स्थायी |
| २८. | | सहायक पाँचौ/अधिकृत | | | |
| २९. | सचिवज्यूको नीजी सचिवालय | सहायक पाँचौ | कौशिला गौतम | ९८५५०८७०८० | करार |

## ६. सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधी :-

दश पेजसम्मको सूचना निःशुल्क प्राप्त हुने र सो भन्दा माथि भएमा प्रति पेज रु ५।-‘ दस्तुर लाग्ने, सूचनाको प्रकृति हेरी बढीमा १५ दिनसम्मको अवधि लाग्ने। मन्त्रालयमा परेका उजुरी, निवेदन र पुनरावेदनको सम्वन्धमा कुनै दस्तुर नलाग्ने।

## ७. निवेदन, उजुरी उपर निर्णय गर्ने प्रक्रिया र अधिकारी :-

नागरिकले माग गरेको सूचना १५ दिनभित्र पनि सूचना अधिकारीले उपलब्ध नगराए नागरिकले सूचना अधिकारी विरुद्व उजुरी गर्न कार्यालय प्रमुख समक्ष जानुपर्नेछ। कार्यालय प्रमुख समक्ष उजुरी परेको ७ दिनभित्र कार्यालय प्रमुखले सूचना अधिकारी मार्फत वा आफैं नागरिकलाई सूचना उपलब्ध गराउनुपर्छ। ७ दिनभित्र कार्यालय

प्रमुखले पनि नागरिकलाई सूचना उपलब्ध नगराए नागरिकले त्यसको ३५ दिनभित्र सूचना अधिकारी र कार्यालय प्रमुख विरुद्व राष्ट्रिय सूचना आयोगमा पुनरावेदन गर्न सक्नेछन्।

८. <u>मन्त्रालयमा निर्णय उपर उजुरी सुन्ने अधिकारी</u>:-

भौतिक पूर्वाधार विकास मन्त्रालयका प्रदेश सचिव श्री अमृत श्रेष्ठ

**निर्णय गर्ने अधिकारी प्रदेश सचिव श्री अमृत श्रेष्ठ**

९. <u>मन्त्रालयले सम्पादन गरेको कामको विवरण</u> :-

आर्थिक वर्ष २०८१ /०८२ को प्रदेश सरकारको नीति तथा कार्यक्रम अन्तर्गत मन्त्रालयको प्रगति विवरण:

| नीति तथा कार्यक्रम | कार्यान्वयनको अवस्था / उपलब्धी | कैफियत |
|---|---|---|
| ९६. प्रदेशभित्र स्थानीय सामग्री तथा वास्तुकलाको प्रवर्द्धन गर्दै मौलिक प्रविधिसहितका भवनका संरचना बनाउन जोड दिइनेछ। उदीयमान सहर, पालिका केन्द्र तथा नगर उन्मुख बस्तीहरूलाई मौलिक पहिचानसहित व्यवस्थित सहरीकरण गर्न प्रोत्साहन गरिनेछ । | ➢ वागमती प्रदेशको भवन नीति, २०८१ तयार भइ कार्यान्वयनमा गएकाले सोहि नीति अनुरुप स्थानीय सामाग्री तथा वस्तुकला लाइ क्रमशः प्राथमिकतामा लगिदै जाने<br>➢ वागमती प्रदेश भित्र विभिन्न पालिका केन्द्र, उदीयमान वजार केन्द्रको अध्ययन गरी आर्थिक वर्ष २०८२/८३ को वजेट मार्फत विकास निर्माण हुने | |
| ९७. प्रदेश राजधानी रहेको हेटौंडालाई व्यवस्थित सहरी विकास योजना तयार गरी बृहत हेटौंडा सहरका रुपमा रुपान्तरण गर्दै लगिनेछ । | ➢ आ.व. २०८१/८२ मा वृहत हेटौडाको गुरुयोजना तयार भएको र सोही अनुसार हेटौडालाइ व्यवस्थीत सहरमा रुपान्तरण गरिदै लगिने | |
| ९८. वागमती प्रदेश जनता आवास तथा खरको छाना उन्मूलन कार्यक्रम, रुवीभ्याली एकीकृत विकास कार्यक्रमलाई निरन्तरता दिँदै मानव विकास सूचकाङ्कमा पछाडि परेका थप स्थानीय तहमा एकीकृत विकास कार्यक्रम विस्तार गरिनेछ । | ➢ आर्थिक वर्ष २०८१/८२ मा प्रदेश जनता आवास कार्यक्रम अन्तर्गत ३० वटा आवास इकाई सम्पन्न भएको<br>➢ रुवी भ्यालि लगायत मानव विकास सूचकांकमा पछाडि परेको स्थानीय तहहरुमा भौतिक पूर्वाधार निर्माण कार्यको लागि गत आ.व. २०८१/८२ मा विनियोजन भएको १० करोड वजेटलाइ व्यवस्थित कार्यविधि स्वीकृति गराइ विभिन्न स्थानीय तहहरुमा भौतिक पूर्वाधार विकासको योजनाहरु कार्यान्वयनमा गएको। | |
| ९९. प्रादेशिक सरकारी कार्यालयको भवन निर्माण मापदण्डका आधारमा नयाँ निर्माण हुने सरकारी कार्यालयहरुको संरचनामा एकरुपता कायम गरिनेछ । प्रदेश सरकारका प्रशासनिक केन्द्रका भवन र अन्य पूर्वाधार निर्माण कार्य शुरु गरिनेछ । | ➢ नयाँ निर्माण हुने सम्पूर्ण सरकारी भवनहरुमा एकरुपता कायम गर्दै एकद्वार प्रणाली लागु गर्न "वागमती प्रदेशको भवन नीति २०८१" स्वीकृत भइ लागु भएको<br>➢ वागमती प्रदेश सरकारको प्रशासनिक तथा आवास निर्माण परियोजनाको लागि राष्ट्रिय प्राथमिकता प्रास परियोजना, P1 प्रास भई जग्गा प्रासिको प्रक्रियामा उल्लेखनिय प्रगति हासिल भएको | |

| नीति तथा कार्यक्रम | कार्यान्वयनको अवस्था / उपलब्धी | कैफियत |
|---|---|---|
| १००. बागमती प्रदेशभित्रका सम्पूर्ण स्थानीय तहका केन्द्रलाई पक्की सडकले जोड्ने नीतिलाई निरन्तरता दिइनेछ । | ➢ भौतिक पूर्वाधार विकास मन्त्रालयले गत आ.व. २०८१/८२ मा ३६३ कि.मि. पक्कि सडक (१८८ कि.मि. ढलान र १७५ कि.मि. कालोपत्रे) तथा १४९ कि.मि. ग्राभेल सडक र ९१ कि.मि. नयाँ ट्रायक खोल्ने कार्य सम्पन्न भएको, त्यस्तै ३७ वटा सडकपुल ७ वटा झोलुङ्गे पुल र ७७ वटा कल्भर्ट निर्माण मार्फत प्रदेश भित्रका स्थानीय तह जोड्ने तथा भित्रि सडकहरुमा आवागमन सहजता ल्याइएको | |
| १०१. प्रदेश सडकहरुलाई बाह्रै महिना चल्ने सडकका रुपमा बिस्तार गर्न प्रदेश सडक जोड्ने पूलहरुको निर्माण कार्यलाई प्राथमिकता साथ अगाडि बढाइनेछ। प्रदेश लोकमार्ग तथा प्रदेश मार्गहरुको सडक सीमा तोक्ने कार्य प्रारम्भ गरिनेछ । सरोकारवालासँगको समन्वय र सहकार्यमा जग्गा प्राप्त गर्न सकिने प्रदेश सडकहरूको स्तरोन्नतिलाई प्राथमिकता दिइनेछ । | ➢ स्वीकृत प्रादेशिक सडक यातायात गुरुयोजना अन्तर्गतका लोकमार्ग, मार्ग लगायत प्रदेशका अन्य महत्वपूर्ण सडक तथा सडक पुलहरु तथा गत आ.व. २०८१/८२ मा परेका योजनाहरु कार्यान्वयनमा गएको<br>➢ उल्लेखित सडकहरुको सडक सिमा, ROW तोक्न आन्तरिक रुपमा गृहकार्य प्रारम्भ भएको साथै<br>➢ जग्गा प्राप्त गर्नुपर्ने सडकहरुमा सम्बन्धित सरोकारवाला निकायहरुको समन्वय तथा सहकार्यमा आवश्यकता अनुसार प्रक्रिया पुऱ्याइ योजनाहरु कार्यान्वयन भएको | |
| १०२. सडक सुरक्षालाई उच्च प्राथमिकतामा राखी सहरी क्षेत्रमा ट्राफिक व्यवस्थापनका लागि आवश्यकता र सम्भाव्य प्रका आधारमा जइसन, ईन्टरसेक्सन तथा अन्य पूर्वाधार निर्माण तथा सुधारका कार्य प्रारम्भ गरिनेछ । सुरक्षित प्रदेश सडक सुनिश्चित गर्न प्रदेश सडक मर्मत सम्भार तथा सुधार कार्यक्रम सञ्चालन गरिनेछ। वैकल्पिक यातायात पूर्वाधारका नवीन प्रविधिको प्रयोगका लागि अध्ययन, अनुसन्धान गरिनेछ । | ➢ आर्थिक वर्ष २०८१/८२ को वार्षिक कार्यक्रममा परेका सडक सुरक्षा व्यवस्थापन सम्बन्धी कार्यक्रमहरु कार्यान्वयनमा गएको तथा सडक सुरक्षा सम्बन्धि आवश्यक पूर्वाधारहरु नियमित सडक तथा सडकपुल सम्बन्धि आयोजनाहरु मार्फत समेत समावेश हुने गरेको<br>➢ सडक तथा सडक पुलहरुको नियमित, आवधिक तथा पटके मर्मत मार्फत ५१० कि.मि. सडक आ.व. २०८१/८२ मा सम्पन्न भएको | |
| सङ्घीय सरकारका निकायसँग समन्वय गरी काठमाडौं उपत्यकाभित्रको नदी करिडोर निर्माण तथा सुधार कार्यलाई अगाडि बढाइनेछ। साथै, सार्वजनिक क्षेत्रमा सहरी पार्क, उद्यान निर्माण र सडक तथा सहरी सौन्दर्गीकरण कार्यक्रम संचालन गरिनेछ। | ➢ आर्थिक वर्ष २०८१/८२ को वार्षिक कार्यक्रममा परेका पार्क, सडक तथा शहरी सौन्दर्यीकरणमा कार्यक्रमहरु कार्यान्वयनमा गएको तथा<br>➢ वार्षिक कार्यक्रममा परेका नदी कोरिडोर निर्माण सम्वन्धी कार्यक्रमहरु संघीय सरकार लगायत अन्य सरोकारवाला निकायहरु सँगको समन्वय र सिफारिसमा योजनाहरु कार्यान्वयन भएको<br>➢ आ.व. २०८१/८२ मा १२ वटा पार्कहरुको निर्माण सम्पन्न भएको | |

| नीति तथा कार्यक्रम | कार्यान्वयनको अवस्था / उपलब्धी | कैफियत |
|---|---|---|
| १०४. प्रदेश सडक यातायात गुरुयोजनालाई कार्यान्वयन गर्दै प्रदेश लोकमार्ग एवम् प्रदेश मार्गको निर्माण, विकास तथा मर्मत सम्भार प्राथमिकताका आधारमा गरिनेछ। प्रदेश सडकहरूको भौतिक अवस्थाको मूल्याङ्कन गरी पटके, आवधिक तथा आकस्मिक मर्मत सम्भारलाई निरन्तरता दिइनेछ। | प्रदेश सडक यातायात गुरुयोजनालाई कार्यान्वयनको लागि प्रदेश लोकमार्ग एवम् प्रदेश मार्गको निर्माण, विकास तथा मर्मत सम्भारको लागि सडक मर्मत सम्भार निर्देशिका २०८० अनुरुप नियमित रुपमा सडक हेरालुवाट सडक मर्मत सम्भार गरिएको ।मनसुन वर्षा एवम् विपद्‌वाट प्रदेश सडक तथा सडकपूर्वाधारमा भएका क्षतिको भौतिक अवस्थाको मूल्याङ्कन गरी पटके, आवधिक तथा आकस्मिक मर्मत गरी आवतजावतमा सहजता प्रदान गरिएको । | |
| १०५.१२० मिटरभन्दा लामो झोलुङ्गे पुलको निर्माण कार्य प्रदेश सरकारले तथा सोभन्दा छोटो झोलुङ्गे पुल प्रदेश सरकारको प्राविधिक सहयोगमा स्थानीय तहले निर्माण गर्ने नीतिलाई निरन्तरता दिइनेछ । | जस अनुसार चालु आर्थिक वर्षभित्र बागमती प्रदेशका विभिन्न स्थानमा जम्मा सातवटा झोलुङ्गे पुल सम्पन्न भएका छन् भने छ वटा झोलुङ्गे पुल निर्माणाधिन रहेका छन् ।स्थानीय निकाय संगको समन्वयमा झोलुङ्गेपूलको लट्ठा, बुल्डर ग्रिप लगाएतका निर्माण सामाग्री तथा प्राविधिक सहयोग उपलब्ध गराईएको छ । साथै चालु आर्थिक वर्षमा थप २७ वटा कार्यक्रम थप भएका छन् । | |

आ.ब. २०८१/०८२ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार वार्षिक अवधिमा सडक, भवन र सहरी पूर्वाधार क्षेत्रमा भए गरेका मुख्य मुख्य कार्यहरु निम्नानुसार रहेको छ।

| बजेट वक्तव्यको बुदा नं. | बजेट बक्तव्यको संक्षिप्त व्यहोरा | कार्यसम्पादनको अवस्था |
|---|---|---|
| १६४ | स्थानीय तहसँगको सहकार्यमा उदीयमान सहरहरु र स्थानीय तहका केन्द्रहरुलाई मौलिक पहिचान सहितको व्यवस्थित सहर निर्माण गर्न र सहरी पूर्वाधार विकासका कार्यक्रमहरु सञ्चालन गर्नका लागि बजेटको व्यवस्था गरेको छु। | उदयमान सहर तालढुंगाको जग्गा विकास सम्वन्धमा प्रारम्भिक वातावरण अध्ययन प्रतिवेदन मन्त्रालयवाट स्वीकृत भइ ठेक्का सम्झौता समेत भइ कार्यक्रम कार्यान्वयन भैरहेको र बागमती प्रदेश अन्तर्गत पालिका केन्द्र तथा बजार केन्द्रहरुको शहरी पूर्वाधार निर्माणको सम्भाव्यता अध्ययन कार्य सम्पन्न भइ आ.व २०८२/८३ मा निर्माणको लागि वजेट समेत विनियोजन भएको |
| १६५ | बागमती प्रदेश सरकारले सञ्चालन गरेका चेपाङ, बनकरिया, माझी, बोटे एकीकृत वस्ती तथा आवास कार्यक्रम, खरको छानामुक्त बागमती प्रदेश कार्यक्रम र गरिब तथा विपन्न वर्गका लागि जनता आवास कार्यक्रमलाई निरन्तरता दिन रु. ४० करोड विनियोजन गरेको छु। रुवी भ्याली एकीकृत विकास कार्यक्रमलाई निरन्तरता दिँदै मानव विकास सूचकांकमा पछाडि परेका थप स्थानीय तहमा एकीकृत विकास कार्यक्रम विस्तार गरिनेछ । | चालु आर्थिक वर्ष २०८१/८२ मा चेपांग, वनकरिया, माझी, वोटे एकीकृत वस्ति तथा आवास कार्यक्रम अन्तर्गत विनियोजन भएको रु १८ करोडमा रु १३ करोड १८ लाख खर्च भएको, खरको छानामुक्त बागमती प्रदेश कार्यक्रम अन्तर्गत विनियोजन भएको रु १२ करोडमा रु ५ करोड 7 लाख खर्च भएको र बागमती प्रदेश जनता आवास कार्यक्रम अन्तर्गत रु १० करोड विनियोजन भएकोमा रु ५ करोड ९ लाख खर्च भएको । स्थानीय तहमा एकिकृत विकास कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८१ बमोजिम रुवी भ्याली एकीकृत विकास कार्यक्रमलाई निरन्तरता दिँदै मानव विकास सूचकांकमा पछाडि परेका थप स्थानीय तहमा एकीकृत विकास कार्यक्रम विस्तार गर्ने कार्य भैरहेको |
| १६६ | प्रदेश राजधानी रहेको हेटौंडालाई 'वृहत् हेटौडा सहर' को रुपमा रुपान्तरण गर्न आगामी आर्थिक वर्षमा सम्भाव्यता अध्ययनको लागि आवश्यक बजेट व्यवस्था गरेको छु। | वृहत हेटौडा सहर गुरुयोजना तयार भइ आ.व २०८२/८३ मा रासी खोला कोरिडोरमा रिक्रिएशन सेन्टरको DPR र निर्माण कार्यको लागि बजेट विनियोजन भएको |

| बजेट वक्तव्यको बुदा नं. | बजेट बक्तव्यको संक्षिप्त व्यहोरा | कार्यसम्पादनको अवस्था |
|---|---|---|
| १६७ | संघीय सरकारसँगको समन्वयमा विपद् जोखिमयुक्त वस्तीहरु स्थानान्तरण गरी सामूहिक वस्ती विकासको पाइलट परियोजना सुरुवात गर्न आवश्यक बजेट व्यवस्था मिलाएको छु। नदी प्रणालीमा आधारित एकीकृत विकासको अभ्यासलाई संघ तथा स्थानीय तहसँगको सहकार्यमा अघि बढाइनेछ । | मानव विकास सुचांकमा पछाड़ी परेको स्थानीय तहहरुको एकीकृत पूर्वाधार विकास कार्यक्रममा प्राप्त १० करोड़ बजेट स्थानीय तहमा एकीकृत विकास कार्यक्रम कार्यन्वयन कार्यविधि, २०८१" कार्याविधि वनाई सम्बंधित कार्यलयहरू मार्फत प्रक्रिया अगाडी बढेको र जोखिमयूक्त वस्तिहरुको एकीकृत रुपमा स्थान्तरण गर्ने उदेश्यले कार्यालयहरुमा अध्ययन परियोजनार्थ स्रोत व्यवस्थापन भएको र आ.व २०८२/८३ मा जोखिमयूक्त वस्ति स्थान्तरणको लागि पुँजीगत तर्फ बजेट समेत विनियोजन भएको |
| १६८ | प्रदेश सरकारको प्रशासनिक केन्द्रको भवन, प्रदेश सरकार मातहत निर्माण हुने नयाँ कार्यालय भवनहरु र अन्य पूर्वाधार निर्माणको संरचनामा एकरुपता कायम गर्न भवन संहिता मापदण्ड कार्यान्वयनको लागि बजेट व्यवस्था गरेको छु। | प्रदेश सरकारको प्रशासनिक केन्द्रका भवन तथा आवास निर्माणको लागि जग्गा प्राप्तिको प्रक्रियामा रहेको र प्रदेश स्तरीय सरकारी भवन व्यवस्थापन सूचना प्रणाली(BMIS) तयार भएको |
| १६९ | प्रदेश लोकमार्ग तथा प्रदेश मार्गको निर्माण तथा स्तरोन्नति गर्ने र सडकहरुको सीमा तोक्ने कार्यलाई प्रदेश सडक यातायात गुरुयोजना अन्तर्गत कार्यान्वयन हुने गरी विशेष प्राथमिकता दिएको छु। प्रदेश सडक यातायात गुरुयोजना अन्तर्गतका प्रादेशिक सडकहरुको निर्माण तथा विस्तार गर्न रु. ७ अर्ब ७८ करोड ३० लाख विनियोजन गरेको छु। संघीय सरकारका निकायसँग समन्वय गरी प्रदेश सडक यातायात गुरुयोजना अन्तर्गत काठमाडौं उपत्यका तथा प्रदेश राजधानी हेटौंडाका नदी करिडोरको अध्ययन गरी निर्माण कार्यलाई कार्यान्वनमा लैजानेछु। | प्रदेश सडक यातायात गुरुयोजना अन्तर्गतका प्रादेशिक सडकहरुको निर्माण तथा विस्तार गर्न २० वटा सडकहरु वहुवर्षिय खरिद गुरुयोजना वनाई क्रमशः खरिद प्रकियामा अगाडी वडाइएको र संघीय सरकारका निकायसँग समन्वय गरी प्रदेश सडक यातायात गुरुयोजना अन्तर्गत काठमाडौं उपत्यका तथा प्रदेश राजधानी हेटौंडाका नदी करिडोरको सम्भाव्यता अध्ययन कार्य क्रमश भइरहेको |
| १७० | वढ्दो सहरीकणलाई व्यवस्थित गर्न काठमाडौं उपत्यकाका खर्त्यांग खोला, महादेव खोला, हनुमन्ते खोला, चितवनका कयर, लदरी नदी करिडोरको सम्भाव्यता अध्ययनको लागि संघीय सरकारसँग सहकार्य गरिनेछ । | वढ्दो सहरीकणलाई व्यवस्थित गर्न काठमाडौं उपत्यकाका खर्त्यांग खोला, महादेव खोला, हनुमन्ते खोला, चितवनका कयर, लदरी नदी करिडोरको सम्भाव्यता अध्ययनको लागि संघीय सरकारसँग सहकार्यको लागि गृहकार्य भएको |
| १७१ | प्रदेश सडक यातायात गुरुयोजना अन्तर्गतका सडकमा पर्ने नदी, खोला तथा खोल्सीहरुमा सडक पुल निर्माण गर्ने कार्य र प्रदेश सरकार मार्फत हुने लामो तरीको झोलुंगे पुलहरुको निर्माण कार्य प्राथमिकताका साथ अगाडि बढाइनेछ। स्थानीय तहबाट निर्माण गरिने झोलुंगे पुलहरुमा प्रदेश सरकारबाट प्रदान भइरहेको प्राविधिक तथा निर्माण सामग्री सहयोगलाई निरन्तरता दिइनेछ। सडक पुल तथा झोलुंगे पुल निर्माणका लागि रु. २ अर्ब २८ करोड विनियोजन गरेको छु। | प्रदेश सडक यातायात गुरुयोजना अन्तर्गतका सडकमा पर्ने नदी, खोला तथा खोल्सीहरुमा सडक पुल निर्माण गर्ने कार्य र प्रदेश सरकार मार्फत हुने लामो तरीको झोलुंगे पुलहरुको निर्माण कार्य वार्षिक कार्यक्रम अनुसार श्रोत सुनिश्चितता र खरिद प्रक्रिया अगाडी वढेको र प्रदेश, स्थानीय तहबाट निर्माण गरिने झोलुंगे पुलहरुमा प्रदेश सरकारबाट प्रदान भइरहेको प्राविधिक तथा निर्माण सामग्री सहयोगको लागि PTAP खरिद प्रक्रिया अगाडी बढेको र प्रादेशिक सडक पुल तथा झोलुंगे पुल निर्माण मा रकम रु १ अर्ब ९६ करोड आ.व २०८१.८२ मा खर्च भएको |
| १७२ | सडक सम्पत्तिको प्रभावकारी तथा सुरक्षित उपभोग र जगेर्नाका लागि दिगो सडकको आधारः नियमित मर्मत सम्भारको नारा अनुरुप प्रादेशिक सडकहरुको नियमित, पटके, आवधिक तथा आकस्मिक मर्मत सम्भारको लागि बजेट व्यवस्था गरेको छु। वैकल्पिक यातायात पूर्वाधारका नवीन प्रविधिको उपोग गरी सहरी तथा अन्य पूर्वाधार र सडक सुरक्षा सम्वन्धी विषयको अध्ययन, अनुसन्धान गर्ने कार्यको लागि विश्वविद्यालयहरुसँग सहकार्य गरिनेछ | सडक सम्पत्तिको प्रभावकारी तथा सुरक्षित उपभोग र जगेर्नाका लागि दिगो सडकको आधारः नियमित मर्मत सम्भारको नारा अनुरुप आ.व २०८१.८२ मा प्रादेशिक सडकहरुको नियमित तर्फ ५११ कि.मी., पटके तर्फ ७८ कि.मी., आवधिक तथा आकस्मिक तर्फ ११६ कि.मी. मर्मत सम्भारको कार्य सम्पन्न भएको र वैकल्पिक यातायात पूर्वाधारका नवीन प्रविधिको उपोग गरी सहरी तथा अन्य पूर्वाधार र सडक सुरक्षा सम्वन्धी विषयको अध्ययन, अनुसन्धान गर्ने कार्यको लागि विश्वविद्यालयहरुसँग सहकार्य गर्न गृहकार्य भएको |

| बजेट वक्तव्यको बुदा नं. | बजेट बक्तव्यको संक्षिप्त व्यहोरा | कार्यसम्पादनको अवस्था |
|---|---|---|
| १७३ | बागमती प्रदेश सभाको निर्माणाधीन भवनलाई प्रविधिमैत्री बनाउँदै यसको निर्माण कार्य आगामी आर्थिक वर्ष भित्रै सम्पन्न गर्ने गरी बजेट व्यवस्था गरेको छु। | प्रदेश सभाहलको Civil work सम्पन्न भइ interior design को लागि यस आ.व २०८१/८२ मा रकम रु १ करोड ९४ लाख विनियोजन भएकोमा रकम रु १ करोड ९२ लाख १८ हजार खर्च भइ दोस्रो चरणको निर्माण कार्य समेत सम्पन्न भएको |
| १७४ | भौतिक पूर्वाधार विकास मन्त्रालयका लागि रु. २२ अर्ब ६४ करोड विनियोजन गरेको छु। | यस मन्त्रालयको हाल सम्म चालु अन्तर्गत रु २९ करोड ७४ लाख र पुँजीगत खर्च अन्तर्गत रु १७ अर्ब ५ करोड गरी जम्मा रु १७ अर्ब ३४ करोड खर्च भएको |

## १०. मन्त्रालयका सूचना अधिकारी र प्रमुखको नाम र पद :-

(क) मन्त्रालय प्रमुख :- प्रदेश सचिव (रा.प. प्रथम) श्री अमृत श्रेष्ठ

(ख) प्रवक्ता:- सिनियर डिभिजनल इन्जिनियर (अधिकृतस्तर नवौं) श्री भूपेन्द्र कुमार यादव

(ग) गुनासो सुन्ने अधिकारी: सिनियर डिभिजनल इन्जिनियर (अधिकृतस्तर नवौं)- श्री प्रतिभा न्यौपाने

(घ) सूचना अधिकारी :- इन्जिनियर (अधिकृतस्तर सातौं) श्री वासुदेव दाहाल

## ११. मन्त्रालयसँग सम्बन्धीत प्रादेशिक ऐन, नियम, विनियम वा निर्देशिकाको सूची :-

१) नेपालको संविधान

२) सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली, २०६४

३) बागमती प्रदेश सार्वजनिक खरिद नियमावली, २०८०

४) आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्वम नियमावली, २०७७

५) निजामती सेवा ऐन, २०४९ र निजामती सेवा नियमावली, २०५०

६) भ्रमण खर्च नियमावली, २०६४

७) प्रदेश निजामती सेवा ऐन, २०७९

८) निजामती सेवाका कर्मचारीको आचरण सम्बन्धी नियमावली, २०६५

९) निजामती कर्मचारी कल्याणकारी कोष नियमावली, २०७२

१०) निजामती कर्मचारी योगदान कोष (सञ्चालन) नियमावली, २०६९

११) कर्मचारी सञ्चय कोष ऐन, २०१९

१२) नागरिक लगानी कोष ऐन, २०४७

१३) निवृत्तभरण कोष ऐन, २०७५

१४) नेपाल इन्जिनियरिङ्ग परिषद ऐन, २०५५ र नेपाल इन्जिनियरिङ्ग परिषद नियमावली, २०५७

१५) सुशासन (व्यवस्थापन तथा संचालन) व्यवस्थापन ऐन २०६४ सुशासन २०६५ तथा संचालन) नियमावली

१६) वातावरण संरक्षण ऐन २०७६ र वातावरण संरक्षण नियमावली २०७७

१७) मध्यस्थता ऐन, २०५५

१८) आयकर ऐन, २०५८ र आयकर नियमावली २०५९

१९) सूचनाको हक सम्बन्धी ऐन, २०६४ र सूचनाको हक सम्बन्धी नियमावली २०६५

२०) नेपाल राष्ट्र बैंकको तथ्यांक, सुची तथा प्रकाशनहरु

२१) अख्तियार दुरुपयोग अनुसन्धान आयोगको सुझाव, परिपत्र तथा मन्त्रालयको कार्यविधि, परिपत्र, निर्देशिका इत्यादि

२२) सार्वजनीक सडक ऐन, २०३१

२३) सार्वजनिक खरिद तथा विकास निर्माणका कार्यक्रम सुधारको कार्ययोजना, २०७५

२४) NORMS FOR RATE ANALYSIS OF ROAD AND BRIDGE WORKS २०७५ published by Department of Roads, Government of Nepal

२५) Norms for Estimate of Consultancy Services related to Road and Bridge Works २०७५, published by Department of Roads, Government of Nepal

२६) STANDARD SPECIFICATIONS FOR ROAD AND BRIDGE WORKS (Latest Revision)published by Department of Roads, Government of Nepal

२७) Norms for Rate Analysis of Brief Environmental Study (BES) of Roads and Bridges, 2078 published by Ministry of Physical Infrastructure Development, Bagmati Province

२८) Nepal Road Standard, २०७७

२९) Nepal Feeder Roads Standard, १९९७ A.D.

३०) श्रम ऐन, २०७४ तथा श्रम नियमावली, २०७५

३१) लेखापरीक्षण ऐन, २०७५

३२) निर्माण व्यवसाय ऐन, २०५५ र निर्माण व्यवसाय नियमावली, २०५६

३३) बिमा ऐन, २०७९ र विमा नियमावली, २०४९

३४) मूल्य अभिवृद्धि कर ऐन, २०५२ र मूल्य अभिवृद्धि कर नियमावली, २०५३

३५) लिखतहरूको गोप्यतासम्बन्धी ऐन, २०३९

३६) औद्योगिक व्यवसाय नियमावली, २०७८

३७) सरकारी कागजात धुल्याउने नियमहरू, २०२७

३८) वातावरण संरक्षण ऐन, २०७७

३९) प्रदेश सार्वजनिक सडक ऐन, २०७८

४०) स्थानीय तहमा एकिकृत विकास कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८१

४१) प्रदेश जनता आवास कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८०

४२) खरको छानामुक्त बागमती प्रदेश कार्यक्रम सञ्चालन कार्यविधि,२०८०

४३) खरको छानामुक्त बागमती प्रदेश कार्यक्रम सञ्चालन (पहिलो संशोधन) कार्यविधि, २०८१

४४) सेवा करारमा प्राविधिक जनशक्ति छनौट सम्वन्धी कार्यविधि, २०७९

४५) सडक मर्मत सम्भार निर्देशिका २०८०

४६) चेपाङ्ग, वनकरिया, माझी, वोटे एकीकृत वस्ती तथा आवास कार्यक्रम (मकवानपुर, धादिङ्ग, चितवन) सम्बन्धी कार्यविधि,२०८०

४७) झोलुङ्गे पुल रणनीति, २०७८

४८) बागमती प्रदेशका सरकारी कार्यालय, पदाधिकारी तथा कर्मचारीको कार्यकक्षको स्तरीकरण सम्बन्धी मापदण्ड २०८१

४९) आन्तरिक नियन्त्रण प्रणाली, २०८१

५०) बागमती प्रदेशको भवन नीति,२०८१

५१) अन्य कानुनी दस्तावेजहरु ।

## १२. आम्दानी, खर्च तथा आर्थिक कारोवार सम्बन्धी अध्यावधिक विवरण:-

### अघिल्लो आर्थिक वर्षमा मन्त्रालयले सञ्चालन गरेको कार्यक्रम वा आयोजनाको विवरण :-

| आर्थिक वर्ष २०८१/८२ को प्रगति विवरण | | | | | (रु.हजारमा) |
|---|---|---|---|---|---|
| क्र.स. | बजेट उपशीर्षक | चालु खर्च | खर्च प्रतिशत | पुँजीगत खर्च | खर्च प्रतिशत |
| १ | 33700011 भौतिक पूर्वाधार विकास मन्त्रालय | ४७२३०.०० | ५७.५४ | ६६६३५.०० | ३६.८७ |
| २ | 33700015 प्रादेशिक लोकमार्ग | ०.०० | | २१३५७५२.०० | ७२.२६ |
| ३ | 33700016 प्रादेशिक मार्ग | ०.०० | | ४३१००६१.०० | ७९.६३ |
| ४ | 33700017 शहरी तथा स्थानीय सडक | ०.०० | | ४३१६४४६.०० | ७९.१२ |
| ५ | 33700018 प्रादेशिक सडकपुल तथा झोलुङ्गेपुल | ०.०० | | १९५९०५७.०० | ८१.०० |
| ६ | 33700019 सडक मर्मत सम्भार, सुरक्षा तथा अन्य पूर्वाधार | ०.०० | | २१०७६१.०० | ८२.६५ |
| ७ | 33700121 बागमती प्रदेश जनता आवास कार्यक्रम | ०.०० | | ५१२५४.०० | ६४.०७ |
| ८ | 33701011 यातायात पूर्वाधार निर्देशनालय | २७०६५.०० | ६१.२३ | २०८३८८.०० | ७९.४३ |
| ९ | 33701012 पूर्वाधार विकास कार्यालयहरु | १३४२८३.०० | ७२.५५ | ५५२५८.०० | ५०.३९ |
| १० | 33704011 शहरी विकास तथा भवन कार्यालयहरु | ७६०६१.०० | ७९.२३ | ३१२५६४४.०० | ७१.१८ |
| ११ | 33791139 आवास व्यवस्था कार्यक्रम(संघ शसर्त अनुदान) | ०.०० | | ४५४.०० | ०.८२ |
| १२ | 33791140 झोलुंगे पुल क्षेत्रगत कार्यक्रम(संघ शसर्त अनुदान) | ०.०० | | १५८३.०० | १९.७९ |

बागमती प्रदेश सरकार भौतिक पूर्वाधार विकास मन्त्रालय हेटौंडा, नेपाल

| आर्थिक वर्ष २०८१/८२ को प्रगति विवरण | | | | | (रु.हजारमा) |
|---|---|---|---|---|---|
| क.स. | बजेट उपशीर्षक | चालु खर्च | खर्च प्रतिशत | पुँजीगत खर्च | खर्च प्रतिशत |
| १३ | 33791141 स्थानीय स्तरका सडकपुल तथा सामुदायिक पहुंच सुधार परियोजना(संघ शसर्त अनुदान) | ०.०० | | १६२२९४.०० | ८५.४२ |
| १४ | 33791145 ग्रमिण सडक संजाल सुधार आयोजना -ए एफ(संघ शसर्त अनुदान) | १२७३३.०० | ३९.४२ | ४४३२२९.०० | ४८.२५ |
| कुल जम्मा | | २९७३७२ | ६७.६३ | १७०४६८१६ | ७५.१२ |

आर्थिक वर्ष २०८१/८२ को आम्दानी विवरण

| क.स. | राजश्व शिर्षक | आम्दानी (हजारमा) |
|---|---|---|
| १ | अन्य प्रशासनिक सेवा शुल्क | 15986 |
| २ | प्रशासनिकदण्ड, जरिवाना र जफत | 27531 |
| ३ | अन्य राजश्व | 167.95 |
| ४ | बेरुजु | 13491.00 |
| ५ | परीक्षा शुल्क | 30.00 |
| जम्मा | | 57205.95 |

आर्थिक वर्ष २०८१/८२ को क्षेत्रगत मुख्य कार्यक्रमको प्रगति विवरण

१. रुग्ण आयोजनाहरुको व्यवस्थापन तर्फ ५५ वटा रुग्ण-आयोजनाहरू पहिचान गरिएको जसमध्ये २१ ओटा योजनाहरूको निर्माण कार्य सम्पन्न भएको र बाकि ३४ ओटा योजनाहरूमा निर्माण कार्य सुचारू भएको

२. विपद व्यवस्थापनमा “द्रुत प्रतिकार्य टोली ,QRT” परिचालन गरिएको

३. बिपदबाट क्षतिग्रस्त भएको संरचनाहरूको अत्यावश्यक सुधार गर्नुपर्ने कार्यको लागि बागमती प्रदेश मन्त्रिपरिषदबाट रु.१५ करोड २५ लाख बजेट स्विकृत गराई पुनर्निर्माणको कार्य सम्पन्न गरिएको,

४. बिपदमा क्षति भएका भौतिक संरचनाहरुको बिबरण अध्यावधिक गरी पुनर्निर्माण र पुनस्र्थापना लागि नेपाल सरकार राष्ट्रिय विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणमा वजेट व्यवस्थापनको लागि आन्तरिक मामिला तथा कानून मन्त्रालय मार्फत करिव ५ अर्व ५० करोड बजेट सहितको Post Disaster Recovery Framework(PDRF) कार्ययोजना पेश गरिएको ।

५. "जग्गा एकीकरण ऐन,२०८१" को अवधारणा-पत्र मन्त्रिपरिषदबाट स्विकृत गराई उक्त ऐनको मस्यौदा समेत तयार भैसकेको

बागमती प्रदेश भौतिक पूर्वाधार विकास हेटौंडा, नेपाल

६. "प्रदेश सहरी निति ,२०८२" को मस्यौदा तयार भई स्विकृतको लागी मन्त्रीपरिषद् मा पेश भएको

७. प्रादेशिक सडक मापदण्ड (**Province Road Standard, PRS**), २०८१ को मस्यौदा तयार लगायतका कार्यहरू सम्पन्न भएको

८. "बृहत् हेटौडा-Greater Hetauda गुरुयोजना" तयार भएको,

९. "प्रदेशस्तरिय सरकारी भवन व्यवस्थापन सुचना प्रणाली (BMIS-2081) तयार गरी प्रकाशन गर्न लागिएको,

१०. "उदयीमान बजार केन्द्रहरूको पूर्व-सम्भाव्यता अध्ययन" कार्य सम्पन्न भएको,

११. प्रदेशका बिभिन्न स्थानहरुमा एकीकृत वस्ती विकास तथा जग्गा एकीकरण सम्वन्धी सम्भाव्यता अध्ययनहरूको कार्य भएको,

आर्थिक वर्ष २०८१/८२ को क्षेत्रगत मुख्य कार्यक्रमको प्रगति विवरण

| क्र.स. | क्षेत्र | कार्यक्रमको नाम र कार्यन्यन स्थल | एकाई | उपलब्धिक विवरण | कैफियत |
|---|---|---|---|---|---|
| १ | भौतिक | सडक निर्माण/स्तरोन्नति | | **601.57** | |
| १.१ | | नयाँ ट्रयाक निर्माण | कि.मि. | 90.42 | |
| १.२ | | ग्राभेल स्तरमा सडक स्तरोन्नति | कि.मि. | 148.92 | |
| १.३ | | कालोपत्रे स्तरमा सडक स्तरोन्नति | कि.मि. | 174.48 | |
| १.४ | | ढलान स्तरमा सडक स्तरोन्नति | कि.मि. | 187.74 | |
| २ | | सडक मर्मत सम्भार | | 703.65 | |
| २.१ | | नियमित मर्मत सम्भार (सडक हेरालु द्वारा) | कि.मि. | 510.60 | |
| २.२ | | आवधिक मर्मत सम्भार | कि.मि. | 115.18 | |
| क. | | पक्कि | कि.मि. | 76.27 | |
| ख. | | ग्राभेल | कि.मि. | 38.90 | |
| २.३ | | पटके मर्मत सम्भार | कि.मि. | 77.87 | |
| क. | | पक्कि | कि.मि. | 20.09 | |
| ख. | | ग्राभेल | कि.मि. | 24.80 | |
| ग. | | धुले | कि.मि. | 32.98 | |
| ३ | | पुल/कलभर्ट निर्माण | | 121 | |
| ३.१ | | सडक पुल | गोटा | 37 | |
| ३.२ | | झोलुंगे पुल | गोटा | 7 | |

| क्र.स. | क्षेत्र | कार्यक्रमको नाम र कार्यन्यन स्थल | एकाई | उपलब्धिक विवरण | कैफियत |
|---|---|---|---|---|---|
| ३.३ | | कलभर्ट | गोटा | 77 | |
| ४ | | भवन निर्माण | | 282 | |
| ४.१ | | सरकारी भवन | गोटा | 8 | |
| ४.२ | | सामुदायिक भवन | गोटा | 274 | |
| ५ | | अन्य सार्वजनिक निर्माण (पार्क. पदमार्ग ) | | | |
| ५.१ | | पार्क | गोटा | 12 | |
| ५.२ | | पदमार्ग/ वाल आदि | कि.मि. | 18.07 | |
| ६ | सामाजिक | बस्ति विकास | | 1060 | |
| ६.१ | | चेपांग, बनकरिया,माझी,बोटे एकीकृत बस्ति तथा आवास निर्माण कार्यक्रम धादिंग चितवन मकवानपुर | गोटा | 57 | |
| ६.२ | | जनता आवास कार्यक्रम (संघ शसर्त अनुदान तर्फ) | गोटा | 8 | |
| ६.३ | | जनता आवास कार्यक्रम (प्रदेश) | गोटा | 103 | |
| ६.४ | | खरको छाना उन्मुलन कार्यक्रम | गोटा | 892 | |

१३. अन्तर्गतका प्रतिष्ठान,परिषद्,समिति,बोर्ड तथा कार्यालय/आयोजनाको नाम, ठेगाना र संख्याः

निर्देशनालयः-

| क्र.स. | निकाय | ठेगाना | प्रमुख | कार्यक्षेत्र |
|---|---|---|---|---|
| १ | यातायात पूर्वाधार निर्देशनालय | हेटौंडा, मकवानपुर | नविन कुमार सिंह | १३ जिल्ला सवै |

आयोजनाहरुः-

| क्र.स. | निकाय | ठेगाना | प्रमुख | कार्यक्षेत्र |
|---|---|---|---|---|
| १ | ग्रामीण सडक सञ्जाल सुधार आयोजना-एएफ | लोकन्थली, भक्तपुर | मदन कुमार आले मगर | सिन्धुली, रामेछाप, दोलखा, काभ्रेपलाञ्चोक, मकवानपुर, चितवन |
| २ | प्रदेश राजधानी पूर्वाधार विकास विशेष आयोजना | हेटौंडा, मकवानपुर | देवनारायण प्रसाद यादव | मकवानपुर, काठमाण्डौ |

कार्यालयहरुः-

| क्र.स. | निकाय | ठेगाना | प्रमुख | कार्यक्षेत्र |
|---|---|---|---|---|
| १ | पूर्वाधार विकास कार्यालय, सिन्धुली | सिन्धुलीमाढी, सिन्धुली | लक्ष्मी प्रसाद सापकोटा | सिन्धुली |
| २ | पूर्वाधार विकास कार्यालय, रामेछाप | मन्थली, रामेछाप | ज्यानेन्द्र प्रसाद पुन | रामेछाप |
| ३ | पूर्वाधार विकास कार्यालय, दोलखा | चरिकोट, दोलखा | हरि प्रसाद ओझा | दोलखा |
| ४ | पूर्वाधार विकास कार्यालय, रसुवा | धुन्चे, रसुवा | रविन महर्जन | रसुवा |
| ५ | पूर्वाधार विकास कार्यालय, सिन्धुपाल्चोक | चौतारा, सिन्धुपाल्चोक | प्रकाश पौडेल | सिन्धुपाल्चोक |
| ६ | पूर्वाधार विकास कार्यालय, नुवाकोट | त्रिसुली, नुवाकोट | सुजन थापा | नुवाकोट |
| ७ | पूर्वाधार विकास कार्यालय, धादिङ्ग | धादिङ्गवेशी, धादिङ्ग | दिपक भट्ट | धादिङ्ग |
| ८ | पूर्वाधार विकास कार्यालय, ललितपुर | मानभवन, ललितपुर | राजु श्रेष्ठ | काठमाण्डौ, ललितपुर, भक्तपुर |
| ९ | पूर्वाधार विकास कार्यालय, काभ्रेपलाञ्चोक | धुलिखेल, काभ्रेपलाञ्चोक | विरेन्द्र कुमार बज्राचार्य | काभ्रेपलाञ्चोक |
| १० | पूर्वाधार विकास कार्यालय, मकवानपुर | हेटौडा, मकवानपूर | सुजन भण्डारी | मकवानपुर |
| ११ | पूर्वाधार विकास कार्यालय, चितवन | भरतपुर, चितवन | विरेन्द्र कुमार चौधरी | चितवन |

| क.स. | निकाय | ठेगाना | प्रमुख | कार्यक्षेत्र |
|---|---|---|---|---|
| १२ | शहरी विकास तथा भवन कार्यालय, सिन्धुली | सिन्धुलीमाढी, सिन्धुली | दुर्गा प्रसाद घिमिरे | सिन्धुली, रामेछाप |
| १३ | शहरी विकास तथा भवन कार्यालय, नुवाकोट | कोलोनी, नुवाकोट | ई.श्याम पराजुली | रसुवा, नुवाकोट, धादिङ्ग |
| १४ | शहरी विकास तथा भवन कार्यालय, काठमाण्डौ | कुलेश्वर, काठमाण्डौ | किरण कार्की | काठमाण्डौ, ललितपुर, भक्तपुर |
| १५ | सहरी विकास तथा भवन कार्यालय, काभ्रेपलाञ्चोक | धुलिखेल, काभ्रेपलाञ्चोक | भुमि नन्द ढकाल | दोलखा, सिन्धुपाल्चोक, काभ्रेपलाञ्चोक |
| १६ | शहरी विकास तथा भवन कार्यालय, मकवानपुर | हेटौंडा, मकवानपुर | सुवोध अधिकारी | मकवानपुर, चितवन |

## १४. मन्त्रालयको वेवसाइटको विवरणः-

यस भौतिक पूर्वाधार विकास मन्त्रालय, हेटौडा, नेपालको वेवसाइटः www.mopid.bagamati.gov.np, इमेल ठेगानाः mopid@bagamati.gov.np र s3mopid@gmail.com, फोन नम्बरः ०५७-५२५१९७/०५७-५२५१८६/०५७-५२०९२६/०५७-५२२८०४/०५७५२५४८१ रहेको छ।

## १५. मन्त्रालयले प्राप्त गरेको वैदेशिक सहायता, ऋण, अनुदान एवं प्राविधिक सहयोग र सम्झौता सम्बन्धी विवरण :-

कुनै सम्झौता नभएको

## १६. मन्त्रालयले वर्गिकरण तथा संरक्षण गरेको सूचनाको नामावली र त्यस्तो सूचना संरक्षण गर्न तोकिएको समयावधी :-

सबै सूचना खुल्ला रहेको ।

## १७. मन्त्रालयमा परेका सूचना माग सम्बन्धी निवेदन र सो उपर सूचना दिइएको विवरण :-

- चालु आर्थिक वर्षको चौथो त्रैमासिक अवधीमा प्राप्त सुचनाको हक सम्वन्धि ऐन वमोजिम सूचना माग सम्बन्धी निवेदन ० वटा मध्ये ० वटाको सूचना उपलब्ध गराइएको र ० वटा प्रक्रियामा रहेको छ।
- हेलो सरकारमा

| कुल गुनासो | हेरिएको | प्रशोधन | फछ्र्यौट | नहेरिएको |
|---|---|---|---|---|
| ११४ | ४५ | १४ | ५४ | १ |

- मोबाईल तथा अन्य सामाजिक सञ्जालवाट विभिन्न प्रकारका सूचना प्रवाह गरेको ।

१८. मन्त्रालयका सूचनाहरु अन्य प्रकाशन भएका वा हुने भएको भए सोको विवरण :-

मन्त्रालयको सबै परिपत्र र सूचनाहरु मन्त्रालयको वेभसाइट www.mopid.bagamati.gov.np मा नियमित प्रकाशन हुने गरेको तथा मातहतका निर्देशनालय/कार्यालय/आयोजनाहरुको सूचनाहरु तत् तत् निकायहरुमा प्रकाशित हुने गरेको छ।